www.krishionline.com मा पनि हेर्न सक्नु हुनेछ ।

नेपालको पहिलो

# कृषि साप्ताहिक

Nepal's First Agriculture Weekly

हरेक क्षण हरेक दिन
मुलुकमा भएका कृषि
समाचारका लागि !
कृषि अनलाईन
KrishiOnline.com
Nepal's First Agriculture News Portal
कृषि पत्रिका आईपुगेन ?
कि ग्राहक बन्न खोजिरहनु
भएको छ ?
सम्पर्क गर्नुस् :९८०८५९७१४४

● वर्ष ३ ● अङ्क ९ ● २०७१ कार्तिक १६ गते आइतबार ● 2 Nov. 2014 मूल्य रु.१०/-

## युवा किसानका लागि ६ प्रतिशत व्याज दर कसले कार्यान्वयन गर्ला !

विपी भण्डारी

काठमाडौं । सरकारले कृषि क्षेत्रमा युवाहरुलाई आकर्षण गर्ने सोच अनुरुप ६ प्रतिशत ब्याजदरमा कृषि ऋण उपलब्ध गराउने बजेट वक्तव्य मार्फत कार्यान्वयन नभईरहेको अवस्थामा सरकारले युवालाई व्यवसायिक कृषिकर्जामा ६ प्रतिशत ब्याजदरमा ऋण प्रवाह गर्ने गरी भखरै मात्र सार्वजनिक गरिएको ब्याज अनुदान सम्वन्धी कार्यविधि २०७१ लाई वैंकहरुले टेर्ने पक्षमा देखिएको छैन ।

२०६९ माघ १ गतेदेखि लागू भएको पशु तथा बाली बीमा कार्यविधि हालसम्म पनि कार्यान्वयनमा ल्याउन कठिन भईरहेको परिप्रेक्ष्यमा जग्गा तथा घरमा लगानी गरेर धेरै व्याज लिन पल्किएका वैंक तथा वित्तियसंस्थाहरुले कुनै न कुनै वहानामा ६ प्रतिशत व्याजदरमा ऋण दिने देखिएको छैन । बजेट वक्तव्यमा ६ प्रतिशत व्याजमा कृषि ऋण उपलब्ध गराउने घोषणा गरे लगतै वित्तिय संस्थाहरुको गोप्य वैठक बसेर सरकारले जे जस्तो कार्यविधि ल्याएपनि आफूहरुले सो कार्यविधि अनुरुप अगाडि बढेमा वैंक धरासायी हुन सक्ने र सरकारले दिने अनुदान रकम हात पार्न धेरै नै झण्झट तथा मुश्किल हुने भएकाले पनि सो कार्यविधिलाई अस्वीकार गर्ने सोचका साथ अगाडि बढेको छन् ।

सरकारले अनुदानका लागि योग्य कृषि व्यवसायका रुपमा क्रमश : तरकारी उत्पादन/प्रशोधन तथा भण्डार, बीउ विजन उत्पादन/प्रशोधन तथा भण्डारण, पुष्प व्यवसाय, पशुपालन, फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन तथा भण्डार, दुग्ध उत्पादन/प्रशोधन र विक्री वितरण तथा प्रशोधन एवं विक्री वितरण, मत्स्य पालन/उत्पादन/माछाको भण्डारण एवं विक्री वितरण /च्याउ उत्पादन प्रशोधन एवं भण्डारण, पशु वधशाला एवं मासुजन्य उत्पादन




व्यवसाय, जडीबुटी उत्पादन प्रशोधन र भण्डारण, उखु खेती /अलैंची खेती, अदुवा खेती र त्यसको भण्डारण एवं प्रशोधनलाई लिएको छ ।

अर्थमन्त्रीले ब्याज अनुदानका लागि १ अर्व, मासुजन्य उत्पादन बृद्धि गर्नका लागि १ अर्व र अन्य लागत सहभागितामूलक कार्यक्रम सञ्चालन गर्नका लागि ८७ करोडा रुपैयाँ बजेट छुट्याएका थिए । त्यही अनुरुप यतिखेर सरकारले कृषि ऋणका लागि ब्याजमा दिने अनुदानको कार्यविधि सार्वजनिक गरिसकेको छ । यो कार्यविधि अनुरुप किसानहरुले ऋण पाउने सम्भावन अन्त्यन्तै न्यून देखिएको छ । कार्यविधि लागू गर्न सक्ने हो भने व्यवसायिक कृषि गर्ने युवाहरुका लागि अत्यन्तै लाभदायक हुने देखिन्छ । कार्यविधि लागू गर्न सरकारले कडाई नगर्ने हो भने यो केवल हात्तिका देखाउने दाँत मात्र नहोला भन्न सकिदैन ।

कार्यविधिमा के छ त ? : एकजना व्यवसायी किसानलाई वैंकले एक करोड रुपैयाँसम्म लगानी गर्न सक्ने र सावाँ ब्याज भुक्तानीको अवधि तीन महिनाको हुने कार्यविधिमा उल्लेख गरिएको छ । त्यसैगरी एक बाणिज्य वैंकले अनुदान पाउने गरी एक बर्षमा १ अर्व रुपैयाँसम्म कर्जा दिन सक्ने छ ।

त्यो भन्दा बढी हुने गरी कुनै वैंकले कर्जा लगानी गरेको भए राष्ट्र वैकमा सम्पर्क गर्नुपर्ने कार्यविधिमा उल्लेख गरिएको छ भने ब्याज अनुदान दिइने कृषि कर्जाको भुक्तानीको अवधि ५ बर्ष हुने छ । कार्यविधिमा ऋणीहरुले अनुदान बाहेकको रकम वैंकमा भुक्तानी गरेपछि मात्रै ब्याज अनुदान पाउने र ब्याज अनुदान दिने कर्जाको सदुपयोग नभएमा राष्ट्र वैकले अनुदान दिने छैन । यदि दिइएसकेको भए पनि फिर्ता गर्ने समेत उल्लेख गरेको छ ।

## युवा लक्षित कार्यक्रममा एक करोड ६३ लाख खर्च गरिने

चितवन) । जिल्ला कृषि विकास कार्यालय चितवनले चालु वर्षका लागि युवा लक्षित चारवटा नयाँ कार्यक्रम सार्वजनिक गरेको छ । चालु आर्थिक वर्षका लागि यहाा युवालाई कृषिमा व्यवसायीकरण गर्ने उद्देश्यले कार्यालयले कुल रु एक करोड ६३ लाखभन्दा बढीका चार नयाँ कार्यक्रम सञ्चालन गर्ने कार्यालयका योजना शाखा प्रमुख सन्तोष पौडेलले जानकारी दिए । अघिल्लो वर्षदेखि सञ्चालित युवा लक्षित व्यवसायिक तरकारीखेती कार्यक्रमसमेत यस वर्ष पनि सञ्चालनमा रहेको पौडेलले बताए ।

यस वर्ष केन्द्रीय कार्यक्रमअन्तर्गत आएको नयाँ कार्यक्रममा युवा लक्षित व्यवसायिक मौरीपालन तथा च्याउ उत्पादन कार्यक्रम महत्वपूर्ण रहेको छ । उक्त कार्यक्रमका लागि रु एक करोड २४ लाख बजेट छुटचाइएको कार्यालयले सार्वजनिक गरेको छ । यस्तै अन्य नयाँ कार्यक्रममा बाली संरक्षण कार्यक्रम, रु ४३ लाखको विशेष कृषि उत्पादन कार्यक्रम र मसिना तथा बासनादार धान उत्पादन कार्यक्रममा रु १० लाख भन्दा बढी खर्च गर्न लागेको कार्यालयले जनाएको छ । सबै कार्यक्रमका लागि कार्यालयले अनुदान सहयोग गर्ने पौडेलले बताए । विगत वर्षका कार्यक्रमसमेत नियमित सञ्चालन भएको कार्यालयले जनाएको छ । यस वर्ष चितवनको कृषि कार्यालयमा ७९ प्रतिशतले बजेट वृद्धि भएपछि कार्यालयले जिल्लाबाटै विभिन्न कार्यक्रमसमेत सञ्चालन गर्ने भएको छ ।

गएको वर्षमा कुल रु चार करोड २१ लाख बजेट आएकामा यस वर्ष रु सात करोड ५६ लाख बजेट आएकाले कृषिको व्यवसायीकरण तथा विकासका लागि सहयोग पुग्ने विश्वास कार्यालयले लिएको छ । यसमा रु पाँच करोड ६० लाख कार्यक्रम बजेटमध्ये चालु तथा पुाजीगत अनुदानका लागि कार्यालयले रु चार करोड ७१ लाख विनियोजन गरेको छ ।

## धानका लागि तीन देशको सम्झौता

काठमाडौं । अन्तर्राष्ट्रिय धान अनुसन्धान इष्टिच्यूट(IRRI)को संयोजनमा नेपाल भारत र बंगलादेशका कृषि सचिवहरु वीच उन्नत जातको धानको बीउ आदान प्रदान एवं अनुसन्धानका गर्ने गरी त्रिपक्षीय सम्झौता भएको छ । सम्झौतामा उन्नत जातको धानको बीउको अनुसन्धान गरी गुणस्तरीय बीउ एकदेशले अर्कोदेशलाई उपलब्ध गराउने गरी सहमति गरिएको कृषि विकास मन्त्रालयले जनाएको छ ।



कार्तिक १ गते भएको सो सम्झौतामा नेपालका कृषि सचिव जयमुकुन्द खनाल, भारतका कृषि सचिव आशिश बौगुना र बंगलादेश कृषि सचिव S.M. Nazmelislam ले हस्ताक्षर गरेको हो । प्रमुख खाद्यबालीका रुपमा रहेको धानबालीका लागि यो सम्झौताले तीनवटै देशमा गुणस्तरीय धानबाली उत्पादन गर्न मद्दत पुग्ने बताइएको छ । नेपालको सो सम्वन्धी कार्य नार्कले गर्ने छ । सो कार्यक्रममा अन्तर्राष्ट्रिय धान अनुसन्धान इष्टिच्यूटका महाप्रवन्धक Dr. Robert s.zeigler को समेत उपस्थिति रहेको थियो ।

## एलोभेरा पछि सेतो मुसलीको नाममा किसान ठगिँदै

योगेन्द्र प्रताप शाही

काठमाडौं । केही महिना अगाडि एलोभेरा खेतीमा थोरै लगानी गरेर धेरै कमाउने झुटो आश्वासन दिएर किसानहरुको करोडौं रुपैयाँ ठगि गर्दै आएको समाचार कृषि अनलाईनमा प्रकाशित गरेपछि एलोभेरा खेतीमा ठगिएका किसानहरुले त्यसको विरुद्ध संघर्ष गरे पश्चात एलोभेरा खेतीबाट लाखौ कमाउने झुठो आश्वासन दिएर रकम असुली रहेका पाम एग्रोटेकका सञ्चालक यतिखेर जेलमा छन् । त्यही टिमसँग एलोभेरा खेतीका नाममा किसानसँग रकम असुल्दै आएको अर्को समूह पाम एग्रोटेकको विवाद आएपछि छुट्टै समूह गठन गरी एलोभेरा खेती गर्न किसानहरुलाई उत्साहित गर्दै रकम असुल्दै आएको घार नामक कम्पनीले किसानहरुको रकम त असुल्न सफल भयो एलोभेरा उत्पादन गर्ने किसानहरु भने मारमा परिरहेका छन् ।

किसानले उत्पादन गरेको एलोभेरा विक्री नभएर खेतमा नै सुकेर गएपछि किसानहरु आक्रान्त बनेका छन् । एकातिर किसानहरुको रुवाबासी चलिरहेको छ । अर्कोतिर किसान ठग्ने तरीकामा परिवर्तन आएको छ । घार नामम संस्थाका सञ्चालक समेत रहेका रुन्द्रेश्वर राई एलोभेरामा किसानहरुले विश्वास नगरेपछि सेतो मुसलीको नाममा लाखौंको सपना बाँडिरहेका छन् । बार्षिक ९ लाख ७७ हजार

बाँकी पृष्ठ ७ मा

## आँखामा छारो हाल्ने काम

अर्थमन्त्री डा. रामशरण महतले बजेट वक्तव्य मार्फत कृषि क्षेत्रमा बैंक तथा वित्तिय संस्थाहरुले दिने ब्याजदरमा सहज गर्ने र ६ प्रतिशत ब्याजदरमा ऋण प्रवाह गर्नु पर्ने कुरा आयो । धेरै किसानहरु विशेष गरी करोडौं लगानी गरेर व्यवसायिक कृषि गर्ने व्यवसायिक किसानहरु यसबाट खुशी पनि भए । तर अर्थमन्त्रीको सो बजेट भाषणलाई वित्तिय संस्थाहरुले धोती लगाई दिए । ६ प्रतिशतमा दिने भनिएको ऋण कागजमा मात्र सिमित भयो । बजेट भाषण सुनेर खुशी व्यक्त कृषि व्यवसायमा संलग्न व्यवसायी निराश भए ।

हुन पनि सरकारले ६ प्रतिशत ब्याजदरमा ऋण प्रवाह घोषणालाई कार्यान्वयनमा ल्याउन सकेन । कुनै बेला कृषि क्षेत्रको विकासका लागि भनेर खुलेको कृषि विकास वैंकले समेत कृषि ऋणका लागि विश्वास गरेन । कृषिमा ऋण दिनु भन्दा घरजग्गामा नै लगानी गर्न कृषि विकास मन्त्रालय दत्तचित्त भयो । आजसम्म पनि सो कायम नै छ । धेरैले कृषि विकास वैंक नामका कारण कृषि ऋणका लागि त्यही पुग्ने गरेका छन् तर किसानहरुले चर्को ब्याजदर कृषि विकास वैंकमा नै तिर्न वाध्य भएका छन् । विगतका  अवस्थालाई हेर्ने हो भने कृषि ऋण लिएका धेरै किसानहरु कृषि विकास वैंकबाट शोषित बनेका छन् । भने त्यही वैंकबाट करोडौं ऋण लिएर कृषिमा लगानी नगरी अन्त्रय लगानी गर्नेहरुले पनि विभिन्न कारण देखाएर राजनीतिक शक्तिका भरमा ब्याज मिनाहा  गरेको पनि प्रशस्त उदाहरण छन् ।

यतिखेर कृषि विकास वैंक नाममात्रको कृषि विकास वैंक रहेको छ । यो वैंकपनि अन्य निजी वैंकहरु सरह भएको छ । कृषिमा भन्दा अन्य क्षेत्रमा ऋण प्रवाह सहज रुपमा गर्दै आएको देखिन्छ । यो अवस्थामा सरकारले भनेजस्तै किसानका लागि सहुलियतमा ऋण प्रवाह गर्न निजी वैकहरु तयार होलान् भन्नु किसानका आँखामा छारो हाल्ने काम मात्र नहोला भन्न सकिँदैन । यद्यपी सरकारले युवा किसानहरुलाई लक्षित गरी ६ प्रतिशत ब्याजदरमा कृषि ऋण प्रवाह गर्नका लागि कार्यविधि ल्याएको त छ। तर, कार्यान्वयन गर्न भने सक्ला कि नसक्ला ? किसानका लागि भनेर ल्याएको कार्यविधि लागू सर्न सकोस्  यही शुभकामना छ किसानहरुको तर्फबाट । ■

### आफ्नै सूचना

*नेपालको पहिलो कृषि साप्ताहिकका रूपमा प्रकाशित कृषि साप्ताहिकमा तपाइँका क्षेत्रमा भए/गरेका कृषि क्षेत्रसँग सम्बन्धित सूचना/समाचार वा लेख/रचनाहरू छन् भने हामीलाई बिहिबारभित्र पठाउनुहुन अनुरोध गरिन्छ ।*

सम्पर्क

कृषि साप्ताहिक, अनामनगर

इमेल : sajnepal@gmail.com

web: www.krishionline.com

# व्यवसायिक कृषिका लागि अनुदानको व्यवस्था 'फोकटका चन्दन घस मेरे लाला'



योगेन्द्र प्रताप शाही

एक्कायसौ शताब्दीमा विश्वको जनसंख्या जुन प्रकारले दिन प्रतिदिन द्रुत गतिमा वृद्धि भइरहेको छ त्यस्तै गतिमा विश्वमा खाद्यान्न संकटको खतरा चुलिदै गएकोछ । विश्व जुन रुपले आधुनिकिकरणतिर बढ्दै गइरहेको छ अथवा जुन रुपले शहरीकरण, मशीनरीकरण र रसायनिकिकरणको गति छ त्यसको सँग-सँगै कृषिको व्यवसायिकरणले पनि गति लिनुपर्ने थियो तर विश्व आधुनिकिकरणसँग-सँगै कृषिको आधुनिकिकरण वा व्यवसयिकरण हुन सकिरहेको छैन । त्यसको कारण हो शक्तिको प्रतिस्पर्धा । विश्वका मुलुकहरु आज जातियता, क्षेत्रीयता जस्ता विषयको होडबाजीमा लागेर आ-आफ्ना पक्षमा शक्ति संकलन गर्नतिर बढी केन्द्रीत हुनु र लगानीको ठुलो भाग त्यतैतिर लगाउनुल पनि हो । त्यसको उदाहरण बीसौ शताब्दी देखि एक्काइसौ शताब्दीसम्म आई पुग्दा विश्वमा भएका विभिन्न युद्धहरुलाई हेर्न हो भने कुनैन कुनै रुपमा आ-आफ्ना पक्षको वर्चस्वका लागि युद्ध भएको हामी आफै अनुभव गर्न सक्छौ। मानिसको जीवन परिवर्तन र कुनै देशको विकास रसायनिककरण, औजारीकरण अर्थात शक्तिले हुन्छ भन्ने सोचले आज विश्वमा ठूलो ठाँउ बनाउन सफल भएको देखिन्छ । धेरै टाढाको परिभाषा भन्दा नेपालकै परिप्रेक्ष्यमा पनि देख्ने हो भने विगतमा नेकपा माओवादीले विद्रोह गरेर बन्दुकको बलमा अर्थात शक्तिको बलमा नेपालमा ल्याउन खोजेको परिवर्तनलाई उदाहरणको रुपमा लिनसक्छौ । नेकपा माओवादीले शक्तिमा ल्याउन प्रयास गरेको परिवर्तनको परिणाम हामी आज आफै भोगिरहेकका छौ । मानिस र देशको विकासका लागि अपरिहार्य भनेको कृषिमा आधुनिकिकरण भनौ वा पूर्ण रुपमा व्यवसायिकरण नै हो ।

नेपाल र नेपालको कृषिको विषयमा भन्नु पर्दा नेपाल कृषि प्रधान देश गर्वका साथ भनिरहेका छौ । कृषि व्यवसायिकरण गर्न ठूला-ठूला नाराको विगुल समेत राज्य पक्षबाट घन्की रहेको अवस्था छ तर, कृषि व्यवसयिकरणका लागि आवश्यक पूर्वाधारहरुको तयारी भने त्यति दरीला छैनन् । नेपालमा कृषि व्यवसयिकरणका लागि भनेर कागजी रुपमा ठूला-ठूला योजनाहरु समेत बनेका छन् तर कायान्वयन पक्ष भने पानी भन्दा पनि फितला छन् । कृषि विकास मन्त्रालयले कृषि विभाग देखि विभिन्न क्षेत्रहरुमा र जिल्ला-जिल्लाहरुमा कृषि सेवा केन्द्र तथा उपसेवा केन्द्र समेत स्थापना गरेकोछ । राज्यले कृषि विकास मन्त्रालय मार्फत ठूलो जनशक्ति नेपालको कृषि विकासका लागि भनेर परिचालन गरेकोछ । तर, साँच्चिकै भन्नेको भने आजसम्म राज्यले गरेको कृषि व्यवससयिकरणको प्रयास बालुवामा पानी सिद्ध भएकोछ ।

त्येसो हुनुको कारणको पछाडी पनि 'चोरलाई चोरी गर्न लगाएर पोलीसलाई समत्न लगाए' सरहनै राज्यकै भूमिका रहेको देखिन्छ । आजभोलि टाँठा-बाँठाहरुमा कृषि व्यवसयिकरणका लागि भनेर राज्यले किसानलाई गरेको अनुदानको व्यवस्थाका विषयमा निकै चर्चा परिचर्चा हुने गरेको पाइन्छ । कृषि व्यवसायिकरणका लागि चर्चा परिचर्चा हुनु धेरै सकारात्मक पक्ष हो तर व्यवसायिक कृषिका लागि भनेर राज्यले जुन किसानलाई अनुदानको व्यवस्था गरेकोछ त्यो कसरी हत्याउने वा के गरेर त्यो राज्यले दिएको मुफ्तको अनुदान आफ्नो गोजीसम्म पुऱ्याउने भन्ने चर्चा परिचर्चा हुनु भनेको नै राज्य पक्षको फितलो नीति अर्थात सोच हो भन्न सकिन्छ । प्याक्ट, उच्चमूल्य कृषि वस्तु विकास आयोजना,किसानका लागि उन्नत बीउ विजन कार्यक्रम, कृषि तथा खाद्य सुरक्षा आयोजना, साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना, सिँचाई तथा जलश्रोत व्यवस्थापन आयोजना, बाली विविधिकरण आयोजना, कृषि विकास योजना, जलवायु प्रकोप समुत्थान निर्माण आयोजना र जलश्रोत आयोजना लगायत दर्जनौ आयोजनाहरु राज्यले नेपालको कृषिलाई व्यवसायिकरणका लागि भनेर लागु गरेकोछ ।  नेपालको परम्परागत रुपमा गरिदै आएको कृषिलाई व्यवसायिक कृषि अथवा कृषिमा व्यवसायिकरण लागि जुन प्रकारले तमाम आयोजना मार्फत अनुदानको व्यवस्था गरिएकोछ त्यो केही सिमित समयका लागि उचित हुन सक्छ तर यसले दिर्घकालसम्म राज्यले चाहेको कृषिमा व्यवसायिकरण हुन सक्ने सम्भावना भने एकदमै न्यून बाँकी ७ पृष्ठ मा

# मासुबाट जनस्वास्थ्यमा पर्ने दुष्प्रभाव

**डा. केदार कार्की**

**पशुपंक्षीलाई असर गर्ने व्याक्टोरियामा एन्टीवायोटिक निष्प्रभावी पार्ने क्षमताको अध्ययनको स्थिति :** पशुपंक्षीको शारिरिक वृद्धिका लागि प्रयोग गर्ने गराइने यी प्रतिजैवीक पशुपंक्षीका दाना पानीका माध्यमबाट प्रयोग गर्ने गराइन्छ । यसरी दानामा मिसाएर प्रयोग गराइएका प्रतिजैवीक ८०प्रतिशत पशुपंक्षीका मलमुत्रमा निस्प्रयोजन विसर्जन भएर जाने गरेको प्राज्ञिक तथ्य भेटिन्छ । जीवाणु मार्ने वा यीनको संख्यामा वृद्धि न्युन गर्न चाहिने भन्दा कम भन्दा कम अवधिमा उपयुक्त संवाहनमा प्रतिजैवीक गरियो वा गराइयो भने कालान्तरमा जीवाणुहरुले यी प्रतिजैवीकलाई सहज पचाई आफुमा यीनको प्रभावकारीताको विरुद्ध सहनशीलताकै क्षमता विकास गर्छन । यसरी जथाभावी न्युन अवधिमा उपयुक्त संवाहनमा प्रयोग गरि गराई पशुपंक्षीमा प्रतिजैवीक प्रयोग गराइएका,पशुपंक्षीबाट प्रतिजैवीक सहनशील जीवाणु र ती पशुपंक्षीको मल मुत्र हुँदै वातावरण एवं हाम्रो पर्यावरणमा समाहित हुन पुग्छन् । माटोमा यसरी पुगेका जीवाणुले माटो पानीमा हुने जीवाणुलाई आफुले प्राप्त मलमुत्रबाट तयार हुने जैवीक मलले प्रतिजैवीक सहनशील जीवाणुको क्षमता वृद्धि गर्न झन मद्दत पुऱ्याउछ । यस्ता प्रतिजैवीक सहनशील जीवाणु प्रदुषित कृषी भूमीबाट यी जीवाणु हाम्रा खोला नाला, ताल पोखरीको बाटो लागे भने वा बर्षाको भेलमा बगे भने खाने पानी संस्थानले प्रसोधित गरेको पानी जति नै शुद्ध, स्वच्छ अनी स्वस्थ्य भनेको मिनिरल पानी हाम्रो खाद्यय श्रृङखलामा नपुग्ला भन्न सकिदैन । निश्चित तथा छोटो अवधिका लागि रोग अनुशार प्राय: एन्टीबायोटिकको प्रयोग गरिन्छ । अर्को तर्फ निरोधात्मक  रुपमा प्रयोग गराइने एन्टीवायोटिक पशुपंक्षीका ठुला बथानमा उपचार गर्दा पशुपालनमा एन्टीबायोटिकको प्रयोग पशुहरुको रोगको उपचार तथा रोगको नियंत्रण जस्ता कल्याणकारी कार्यका साथै अधिक उत्पादन गरी आर्थिक लाभ लीनका लागि पनि प्रयोग गर्न आवश्यक मानिन्छ । पशुपालन गरिने जुन मुलुकमा पशुहरुको गोठको सरसफाई तथा विभिन्न खाले सरुवा तथा संक्रमक रोगको नियंत्रणका प्रभावकारी उपाय अवलम्बन गरिएका हुदैनन् । यस्ता ठाउँमा पालेको पशुपंक्षीहरुलाई रोग लागिसके पछि उचपार गर्न प्रयोग गरिने मात्रा भन्दा कम मात्रामा एन्टीबायोटिक पशुहरुलाई दिने हो भने पशुहरुको उत्पादकत्व स्थिर राख्न तथा वृद्धि गर्न सहायक हुने मानिन्छ । जनस्वास्थ्यका दृष्टीकोणले पनि यसरी एन्टीवायोटिकको प्रयोगले पशुपंक्षीबाट साल्मोनेला जस्ता विषाणु वातावरणमा प्रवाहित गर्न कम गराउने गरेको विज्ञको अनुमान छ। यसका साथै कुखुरामा अण्डा कुहिने रोग तथा बंगुरमा बंगुरका आँउमासी, झाडापखालाका रोग नियंत्रण गर्ने गरेको पाइन्छ ।

उपचारात्मक एन्टीवायोटिकको प्रयोग छुट्टाछुट्टै जनावर वा सानो समुहका जनावरलाई प्रयोग गरिने मात्रा भन्दा कम मात्रामा केही लामो समय सम्म प्रयोग गराइने गरिन्छ । अर्को तिर उत्पादकत्व, शारिरीक तौलको द्रुत निकाश पशुपंक्षीमा होस भन्नका लागि एन्टीवायोटिक टाइलोसिन, भिरगिनियामाइसिन वा त्यस्ता तत्व जुन खासै एन्टीवायोटिक भनिने समुहमा पर्दैनन् प्रयोग गराइन्छ । जस्तै आएनोफोर समुहका औषधिहरु धेरै न्यूनमात्रामा केही लामो समय वा जनावर, गोठ, खोरमा रहेसम्म प्रयोग गराइन्छ । जनस्वास्थ्यको सुरक्षाको दृष्टीकोणले पशुजन्य उत्पादनमा एन्टीवायोटिकहरुको अवशेषको उपस्थितिले चुनौती श्रृजना गरेको छ । जनस्वास्थ्य कर्मीको टाउको दुखाई यती मात्र हो । आज पशुपंक्षी पालनका क्रममा एन्टीवायोटिकहरुको प्रयोग यती विस्तारित भएको छ कि, पशुजन्य उत्पादनका लागि पालिएका पशुहरुमा तीनको समग्र उत्पादन दिने वा उत्पादन भित्राउने बेलासम्म ८० प्रतिशत पशुपंक्षीमा धेर(थोर वा निरन्तर प्रयोग गरे, गराइएको तथ्य पाइन्छ । सवै खाले प्रतिजैवीक औषधिहरुको यदि लामो समय वा निर्धारित मात्रा भन्दा बढि गरे, गराइयो भने मानीस होस वा पशुपंक्षी सवैमा यसले फाइदा पुऱ्याउने भन्दा प्रतिकुल असर तीनको स्वास्थ्यमा पुऱ्याउछ । यस्ता पशुबाट उत्पादीत मासु तथा पशुजन्य पदार्थ हाम्रो भान्छा घरमा पुगे भने प्रयोगकर्तामा पनि यसको प्रभाव वा लक्षण देखाउन के को आइतवार । न्युन मात्रामा जथाभावी यी एन्टीवायोटिकको मनोमानी दुरुपयोग गर्नाले, पशुमा रोग लागि सकेपछि एन्टीवायोटिक प्रयोग गरि उपचार गर्दा औषधि त विरामी निको पार्न निष्प्रभावी हुन्छ नै बरु त्यस्ता पशुबाट उत्पादन हुने पशुजन्य उत्पादनमा सञ्चयभई अवशेष को रुपमा रही ती उत्पादन सहित मानिसको शरीरमा प्रवेश गर्ने छ । यसरी वातावरण पर्यावरणमा प्रतिजैवीक सहनशील जीवाणुको स्वच्छन्द विचरणले मानिस एवं पशुपंक्षीको स्वास्थ्यको लागि ठुलै चुनौति सृजना गरेको छ । यसरी सृजना भएको स्वास्थ्य प्रतिकुलताका कारण लामो उपचार खर्च, रोग निदानका लागि लाग्ने समय बाँकी ७ पृष्ठ मा

# गहुँको बीज वृद्धि कार्यक्रम विस्तारमा कृषि

जुम्ला। जिल्ला कृषि विकास कार्यालय जुम्लाले अब गहुँको बीज वृद्धि कार्यक्रमलाई विस्तार गर्ने भएको छ। गएको वर्ष तातोपानी र तत्कालीन चन्दननाथ गाविसको चार हेक्टर क्षेत्रफल जग्गामा बीज वृद्धि गराइएकोमा यस वर्ष बढाएर आठ हेक्टर पुर्‍याउन लागिएको छ। कृषि विकास कार्यालय र जिल्लामा सञ्चालित एग्रोभेटको संयुक्त प्रयासमा तातोपानी र तत्कालीन चन्दननाथ गाविसका समूह सहकारीले उत्पादन गरेको एक टन बीउ खरिद गरी बीज वृद्धि गराउन लागेको वरिष्ठ कृषि विकास अधिकृत तेजनारायण गैरेले जानकारी दिए।

जिल्ला कृषि विकास कार्यालयमा किसान, एग्रोभेट सञ्चालक तथा प्राविधिकबीच भएको अन्तर्क्रिया कार्यक्रममा पाँचवटा समूह तथा सहकारीले चार हेक्टरमा लगाएको गहुँबाट एक टन बीउ किनेर आठ हेक्टर जग्गामा बीज वृद्धिमा लगाउने निर्णय गरेको हो। जिल्लामा बाहिरबाटै बीउ आपूर्ति गर्नुपरेकाले जिल्लाकै किसानलाई व्यावसायिक बीउ उत्पादनमा प्रेरित गर्नका लागि बीउ वृद्धि कार्यक्रम लागू गरिएको कार्यालयले जनाएको छ। किसान समूह तथा सहकारीले उत्पादन गरेको बीउलाई एग्रोभेट र जिल्ला कृषि विकास कार्यालय जुम्लाले बजारीकरणमा सघाउने भएका छन्। एग्रोभेट सञ्चालकले जिल्लामा उत्पादित गुणस्तरीय बीउ खरिद गरेर बिक्री गर्ने प्रतिबद्धता जनाएका छन्।

किसानले पनि समूह तथा सहकारीमार्फत व्यावसायिक रुपमै विभिन्न अन्नबाली, मसला तथा तरकारीको बीउ उत्पादन गर्ने प्रतिबद्धता जनाएका छन्। अन्तर्क्रियाबाट जिल्लामै गुणस्तरीय बीउ उत्पादन गरेर आयातलाई प्रतिस्थापन गर्ने र आयआर्जन गर्ने निष्कर्ष निकालिएको कृषि प्रसार अधिकृत धनबहादुर कठायतले जानकारी दिए।

बीज वृद्धि कार्यक्रमअन्तर्गत उत्पादित बीउलाई अरु गाविसका किसानलाई पनि मिनिकिटका रुपमा उपलब्ध गराइने उनको भनाइ छ। जिल्लामा बीउ प्रतिस्थापन दर बढाई किसानलाई सहजरुपमा उन्नत जातका बीउ उपलब्ध गराउने उद्देश्यले जिल्ला कृषि विकास कार्यालयले बीज वृद्धि कार्यक्रम सञ्चालन गरिरहेको छ। यस वर्षदेखि धान र सिमीको पनि बीज वृद्धि कार्यक्रम सञ्चालन गरिने कृषि प्रसार अधिकृत कठायतले जानकारी दिए। अन्तर्क्रिया कार्यक्रममा बोल्दै कृषि अनुसन्धान केन्द्र विजयनगरका प्रमुख रामचन्द्रिका प्रसादले व्यावसायिक रुपमा बीउ उत्पादन गरेर पनि प्रशस्त आम्दानी गर्न सकिने र गुणस्तरीय बीउ उत्पादन गर्नसके जिल्ला बाहिर पनि बिक्री गर्न सकिने जानकारी दिए।

**बीज वृद्धि कार्यक्रमअन्तर्गत उत्पादित बीउलाई अरु गाविसका किसानलाई पनि मिनिकिटका रुपमा उपलब्ध गराइने उनको भनाइ छ। जिल्लामा बीउ प्रतिस्थापन दर बढाई किसानलाई सहजरुपमा उन्नत जातका बीउ उपलब्ध गराउने उद्देश्यले जिल्ला कृषि विकास कार्यालयले बीज वृद्धि कार्यक्रम सञ्चालन गरिरहेको छ। यस वर्षदेखि धान र सिमीको पनि बीज वृद्धि कार्यक्रम सञ्चालन गरिने कृषि प्रसार अधिकृत कठायतले जानकारी दिए।**

# चौंरीगोठ चिसो छल्न बेसीतिर

इलाम। उच्च पहाडी क्षेत्रमा दुई दिनअघि भएको भारी वर्षासँगै एक्कासि चिसो बढ्न थालेपछि चौरी गोठहरू न्यानो स्थान खोज्दै बेंसीतर्फ झार्न थालिएको छ। इलामको सन्दकपुर, कालापोखरी, ताप्लेजुङको टिम्बुपोखरी, कालीखोला, पाचथरको फालोटलगायत स्थानबाट चौरी गोठ न्यानोतर्फ सार्न थालिएको हो।

अत्यधिक चिसो हुन थालेपछि चौरी आफसे आफ न्यानो स्थान खोज्दै उाधो झर्ने भएकाले चौरीपालक किसानले सोहीअनुसार पुरानो खर्कतिर गोठ सार्ने गरेका छन्। टिम्बुपोखरी क्षेत्रमा छार्के र तुसारो सुरु भइसकेको छ। ताप्लेजुङ र पाचथरमा मात्र रहेका छ दर्जनभन्दा धेरै गोठहरू न्यानो स्थानतर्फ सार्दैं लगिएको छ। सन्दकपुर र कालापोखरीका खर्कमा त्यस क्षेत्रमा रहेका गोठहरू आउने गरेका छन्। यहााका गोठहरू अझ तल मानवबस्ती नजिक झार्न थालिएको चौरीपालक बताउाछन्। अत्यन्तै चिसो हुने क्षेत्रमा रहेका गोठहरू क्रमशः कम चिसो हुने क्षेत्रमा ल्याइन्छ। त्यहाा रहेका गोठहरू केही तल झारिन्छ। चौरी बस्दै आएको स्थानमा चिसो बढेकाले त्यहााभन्दा न्यानो स्थानमा चौरी बस्न रूचाउाछन्, माईमझुव-९ का पेम्बाछिरिङ भोटियाले भने।

त्यसैले चौरी गोठसहित गोठालासमेत ओरालो लाग्छन्। गोठसाँगै गोठधनी पनि खाने बस्ने सबै सरसामान लिएर न्यानो स्थानतर्फ झर्ने गर्छन्। सामूहिक रूपमा खर्कमा बनाइएका गोठमा तिनीहरू सर्ने गरेको उहााले बताए। इलाम, पाचथर र ताप्लेजुङका उच्च पहाडी क्षेत्रमा रहेका करिब ७० वटा चौरी गोठ चिसोबाट न्यानोतर्फ सर्ने गरेका छन्। असोज महिनादेखि गोठ उधौली झर्ने क्रम सुरु हुन्छ। न्यानोपना नआएसम्म ती गोठहरू बेंसीमै रहन्छन्। मुख्यतया वैशाख महिनादेखि गोठ उाभौली लाने क्रम चल्ने गरेको मावुका दण्डु लामाले बताए। उधौली झरेको अवस्थामा चौरीबाट उत्पादन राम्रो हुने गरेको किसान बताउाछन्।

चौरीसाँगै भेडीगोठ पनि उाधो सर्न थालेका छन्। सयौंको सङ्ख्यामा रहेका भेडाहरूसहितको गोठ तल झार्न थालिएको हो। भेडीगोठ खर्क(खर्कमा केही दिन राख्दै तल गाउासम्म ल्याउने गरिन्छ।जाडोयाममा टिम्बुपोखरीदेखि माथिका क्षेत्रमा पशु र मानिस बस्न सक्ने अवस्था हुादैन। यसपालि सुरुमै चिसो भएकाले चौरी गोठहरू बेंसीतर्फ झार्न थालिएको हो।



गोर्खामा राडीपाखी बन्दै महिला कृषि उद्यमी।

## कुरिलोखेतीबाट वार्षिक पाँच लाख आम्दानी

रुकुम। अन्य खेतीभन्दा राम्रो आम्दानी हुन थालेपछि रुकुम गरायलका किसान कुरिलोखेतीतर्फ आकर्षित भएका छन्। जङ्गलमा खेर गइरहेको कुरिलो सङ्कलन गरी गरायला-१ भलाचौरका कृषकले आफ्नो बारीमा लगाएर आम्दानी लिन सुरु गरेका हुन्। गरायला- १ भलाचौरका लालबहादुर ओली, बालाराम पुन र तिलक ओलीले आफ्नो राम्रो उत्पादन हुने खेतबारी मै कुरिलोखेती गरी आम्दानी लिन सुरु गरेका छन्। बालाराम पुनले भने तरकारी लगाउने बारीमा समेत कुरिलो लगाएका छन्। जिल्लामै यसको माग बढेको र ग्राहक घरदैलोमै पुग्ने भएकै कारण आफूहरू कुरिलोखेतीतर्फ लागेको उनीहरूले बताएका छन्।

अन्न बालीभन्दा यस जडीबुटी खेतीले राम्रो आम्दानी हुने भएपछि यस क्षेत्रका बासिन्दा कुरिलोखेती गर्न तम्सिएका छन्। उनीहरूको यो कुरिलोखेतीबाट प्रभावित भएर अन्य गाउँघरका किसान पनि जङ्गलमा खेर गइरहेको कुरिलो सङ्कलन गरी कुरिलाका बोट लगाउन थालेका छन्। तिलक ओलीले तीन मुरी मकै फल्ने जग्गामा कुरिलोका बोटहरू लगाएका छन्। घरेलु औषधि तथा विदेश निर्यात हुने यस कुरिलोखेतीबाट गरायलाका कृषकले वार्षिक रु दुई लाखदेखि पाँच लाखसम्म आम्दानी गर्ने गर्दछन्। ज्वरो, सुख्खा खोकी, घाँटीको खराबी, मुटु रोग, अमलपित्त, कमलपित्त, स्मरण शक्तिको कमजोरी जस्ता रोगको घरेलु उपचारमा यसको प्रयोग हुने भएकै कारण सर्वसाधारण यस खेतीतर्फ आकर्षित भएको हुन्।

## बैतडीमा धान उत्पादन बढ्ने

भीमदत्तनगर। यस वर्ष सुदूरपश्चिमको पहाडी जिल्ला बैतडीमा धान उत्पादनमा वृद्धि हुने कृषि कार्यालयले जनाएको छ। समयमै वर्षा भएको र उन्नत जातको बीउ रोपिएकाले धान र मकै उत्पादनमा वृद्धि हुने अनुमान गरिएको हो। कृषि विकास कार्यालयले दिएको जानकारीअनुसार यस वर्ष जिल्लामा १५ प्रतिशतले उत्पादनमा वृद्धि हुनेछ। गत वर्ष नौ हजार हेक्टर जग्गामा लगाइएको धानखेतीबाट १८ हजार ३६० मेट्रिकटन धान उत्पादन भएको थियो। यस वर्ष बैतडीमा अनुमानित १५ प्रतिशतले बढी धान उत्पादन हुने अनुमान गरिएको कृषि विकास कार्यालयका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत कमलेश तिवारीले बताए।

कार्यालयका अनुसार उन्नत जातको बीउ, मौसमको अनुकूलता, सिँचाइको सुविधालगायतका कारण उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ। यता, कञ्चनपुरमा भने धानबाली भित्र्याउने बेला आएको वर्षाका कारण धान उत्पादनमा कमी आउने कृषि विकास कार्यालय कञ्चनपुरले जनाएको छ। बाली भित्र्याउने बेला परेको वर्षाका कारण जिल्लामा १५ देखि २० प्रतिशतसम्म धान उत्पादनमा कमी आउने जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत टीकाराम थापाले बताए। यस्तै दार्चुलामा भने कृषि कार्यालयले कृषकले उत्पादन गरेको विभिन्न अन्नबाली तथा तरकारीको बीउ खरिद गर्ने जनाएको छ। उत्पादन बढाउन तथा घरायसी खाद्य उत्पादन बढाई खाद्य समस्यालाई कम गर्न जिल्लाका कृषकले उत्पादन गरेको गुणस्तरीय बीउलाई आगामी वर्षदेखि खरिद गर्ने तयारी सुरु गरिएको कृषि प्रसार अधिकृत इन्द्रसिंह ठगुन्नाले बताए। जिल्ला कृषि विकास कार्यालयका विभिन्न सेवा केन्द्रहरू मार्फत हिउँदे अन्नबाली तथा तरकारी बालीको बीउ वितरण भइरहेको तथा आगामी वर्ष कृषकले उत्पादन गरेको ती अन्नबालीको बीउ खरिद गर्ने योजना रहेको जनाइएको छ।

## तोरीबाट तेल निकाल्न दुई दिन हिंड्नुपर्ने बाध्यता

भीमदत्तनगर। यहाँका वारकोट क्षेत्रका तीन वटा गाविसमा तोरीबाट तेल निकाल्ने मिल नहुँदा दुई दिन खर्चिनुपरेको छ। जिल्लाका अति दुर्गम रोकायगाउँ, नायकवाडा र रामीडाँडालगायतका गाविसका स्थानीय जनतालाई तोरीबाट तेल निकाल्न दुई दिन हिंड्नुपर्ने बाध्यता परेको हो। यहाँका उच्च भागमा तोरी कम उत्पादन हुने भएपनि थोरै उत्पादन भएको तोरीबाट तेल निकाल्न पनि तीन गाविस हिंडेर सक्ला गाविसको सेपुखोलामा आउनुपर्ने हुँदा दुःख धेरै हुने गरेको नायकवाडा-७ का कृष्णबहादुर शाहीले जानकारी दिए।

चिसो र सिँचाइ सुविधा नभएका कारण यहाँका तीन गाविसमा तोरी उत्पादन कम हुने गर्दछ। थोरै उत्पादित तोरीबाट तेल निकाल्न नजिक मिल नभएका कारण दुई दिन हिंड्न बाध्यता भएको हो। वारेकोटमा बाहिरबाट तयार पारी पसलमा ल्याइएका पोके तेल महङ्गो र गुणस्तरयुक्त नभएका कारण यहाँका मानिसहरूले प्रयोग नगर्ने गरेको स्थानीय बासिन्दा बताउँछन्। वारेकोट क्षेत्र जुम्लाको सिमानासँग जोडिएका कारण अत्यन्तै विकट हुनुका साथै विकास हुन सकेको छैन।



# नेपालमा बाली उपचार क्लिनिकको सम्भावना, अवसर तथा चुनौतीहरु आवश्यक प्रविधि

*सर्ववाङ्गिण अल्पविकास र चरम गरिबी बर्तमान नेपालका प्रमुख समस्या हुन् । तीब्र आर्थिक वृद्धिदर हासिल गरेर त्यसको प्तिफल आम जनसमुदायमा पुऱ्याई गरिबी र अल्प विकासको दुश्चक्र तोड्नु नै यतिबेलाको प्रमुख आर्थिक चुनौती हो । करिब ६८ प्रतिशत जनशक्तिको रोजगारीको श्रोत क्षेब हो  तर कूल ग्रर्हायस्त उत्पादन यस क्षेत्रको योगदान ३२ प्रतिशत जति मात्र छ । कृषि विकासलाई उपलब्धि मुलक बनाउन कृषि प्रविधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यिनै प्रविधिलाई किसानसमक्ष पुऱ्याउन बाली उपचार क्लिनिक सहयोगी साबित भएको छ ।*

**अवसर :** कृषक वर्गले रुचचाएको र मन पारएको, सहजर र सरल रुपमा बाली स्वास्थ्य सेवामा कृषकको पहुँच, उत्पादन क्षति कम गर्न सकिने, सरकारको सीमित प्रसार कार्यक्रमको सहयोगी कार्यक्रम, हानिकारक विषादीको अनधिकृत प्रयोगमा न्यूनीकरण, खाद्य सुरक्षामा सहयोगी, प्रविधि प्रयोगमा सहयोग गर्ने माध्यम, देशको राष्ट्रिय कार्यक्रममा समाहितगरी सक्षम बाली संरषण कार्यक्रम लागु गर्न सकिने, कृषकको आर्थिक क्षति न्यूनिकरण गर्न सकिने र कृषिसँग सम्बन्धित स्थानीय तथा आधुनिक प्रविधि कृषक समक्ष पुऱ्याउन सकिने ।

**चुनौतिहरु :** तालिमप्राप्त प्लान्ट डाक्टर तथा विज्ञहरुको अभाव, बाली उपचार क्लिनिक र प्रयोगशालाहरुबीच समन्वय स्थापना नहुन सक्नु, प्लान्ट डाक्टरहरुको क्षमता कम हुनु, प्रयोगशाला सेवाहरु प्रभावकारी नहुनु, खर्चको प्रबन्ध मिलाउन कठिन, कृषकहरु समस्याग्रस्त नमुना क्लिनिकमा ल्याउन अल्छी मान्नु, सरोकार वालाहरु बीचमा सकारात्मक र समन्वयात्मक सोचको कमी, कृषकहरुद्वारा आवन्क्षित सहयोगको अपेक्षा गर्नु र कृषकले पुर्जीको सही सदपयोग नगर्नु ।

# नेपालमा ओभिओपी कार्यक्रमको जानकारी

**आज भन्दा ३५ बर्ष अगाडी जापानको ओइता प्रान्तबाट शुरु भएको एक गाउा एक उत्पादन कार्यक्रम नेपालमा पनि विगत ८ बर्ष देखि चरणबद्ध रुपमा निरन्तरता रुपमा सञ्चालनमा रहेको छ । आ.ब. २०६३/६४ देखि २०६८/६९ सम्म प्रथम चरणको कार्यक्रममा ८ बस्तु सहित १० जिल्लाहरु समाविष्ट थिए । कार्यक्रमको दोश्रो चरण २०६९/७० मा थप नौ वटा नयाा बस्तुहरु सहित थप नयाा ११ जिल्लाहरुमा कार्यक्रम सञ्चालन गरियो । त्यसै गरि तेश्रो चरण २०७०/७१ मा १२ नयाा जिल्लाहरुमा १० बस्तुहरु सहितको कार्यक्रम लागु गरियो । चौथो चरण २०७१/७२ मा ८ बस्तुहरु सहित थप १० नयाा जिल्लाहरुमा कार्यक्रम संचालनमा ल्याइयो ।**

**चौथो चरणको कार्यक्रम लागु हुनुको साथ साथै प्रथम चरणमा लागु भएका १० जिल्लाहरुको कार्यक्रम अवधि समाप्त भएको छ । हाल यो कार्यक्रम ३३ जिल्लामा संचालन हुन गइराखेको छ । कार्यक्रममा विभिन्न २२ वस्तु तथा सेवा समाविष्ट छन् । प्रथम चरणको कार्याविधिमा नेपालमा एक गाउा एक उत्पादन कार्यक्रम सफलतापूर्वक संचालन भएकोमा जापानले “हिरामात्सु अवार्ड– २०१०” बाट सम्मानित गरियो । नेपालमा यो कार्यक्रम सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालित छ । नेपाल सरकार तर्फ बाट कृषि विकास मन्त्रालय र निजी क्षेत्रबाट नेपला उद्योग वाणिज्य महासंघ यस कार्यक्रमको प्रत्यक्ष सरोकारवाला संस्थाको रुपमा रहि आएको छ । महासंघकै प्राविधिक इकाईको रुपमा रहेको कृषि उद्यम केन्द्र यस कार्यक्रमको सचिवालयको रुपमा कार्यरत छ । यो कार्यक्रम संचालनको लागि छुट्टै निर्देशिकाको व्यवस्था गरिएको छ र कार्यक्रमको सम्पूर्ण कृयाकलाप निर्देशिका बमोजिम मात्र संचालन हुने गर्छ । केन्द्रियस्तरमा २ वटा समिति र एक बटा उप(समिति छन् भने जिल्लास्तरमा जिल्ला कार्यक्रम कार्यानवयन समितिको व्यवस्था गरिएको छ । वार्षिक कार्यक्रम तर्जुमा जिल्लास्तरबाट हुन्छ । स्थानिय पहिचान सहितको बस्तुको छनौट, छनौट भएको वस्तुको गुणस्तरिय उत्पादन एंव मूल्य अभिबृद्धि गरी स्वदेश तथा विदेशमा बजार प्रबर्द्धन गरि स्थानिय समुदायको आर्थिक उत्थान गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ । कार्यक्रम लागु भए पश्चात विभिन्न बस्तुहरुको उत्पादनमा बृद्धि, गुणस्तरियमा सुधार, ग्रेडिङ, पैकिङमा सुधार र बजार प्रबर्द्धनमा उत्साहजनक प्रगति भई स्थानिय समुदायलाई लाभ पुग्न गएको छ ।**



सिन्धुपाल्चोमा उत्पादन गरिएको घ्यू फल (एभोकादो) काभ्रेमा यसको व्यवसायिक खेती गरिदै छ । तस्वीर : कृसा

## धानको उत्पादन पाँच प्रतिशतले बढ्ने

बनेपा । काभ्रेपलाञ्चोक जिल्लामा यस वर्ष झन्डै पाँच प्रतिशतले धानको उत्पादन बढ्ने अनुमान गरिएको छ । जिल्ला कृषि विकास कार्यालय काभ्रेपलाञ्चोकका वरिष्ठ कृषि विकास अधिकृत दीपक पौडेलका अनुसार जिल्लाको मौसम अनुकूल भएको र हाइब्रीड जातको धान प्रयोगमा कमी भएकाले धानको उत्पादन बढ्ने भएको हो । मकवानपुर ४, मालिका, खुमल ४ लगायतका उन्नत जातका धानको खेती हुने सो जिल्लामा कुल ११ हजार ३१० हेक्टर क्षेत्रफलमा ३७ हजार नौ मेट्रिकटन धान गत वर्ष उत्पादन भएको कृषि विकास कार्यालय काभ्रेपलाञ्चोकको भनाइ छ ।

अहिले धानको बीउ प्रतिस्थापन भएकाले पनि उत्पादन बढ्छ वरिष्ठ अधिकृत पौडेलले भने । जिल्लाको फूलबारी दाप्चा, कुशादेवी, पनौती नगरपालिका क्षेत्र, महादेवस्थान, उग्रचण्डी नाला, जनागाललगायतका क्षेत्र धान उत्पादनका पकेट क्षेत्र मानिन्छन् । यता कृषकले भने केही साताअघि आएको वर्षाका कारण उत्पादन भएको धानको क्षति भएको जनाएका छन् । काटेको धान भिजेको छ, नकाटेको पनि ढलेर क्षति भएको छ उग्रचण्डी नालाका कृषक हरि श्रेष्ठले भने ।

## वर्षाका कारण धानबालीमा क्षति

फलेवास (पर्वत), । केही दिनदेखि निरन्तर वर्षा भएका कारण पर्वत जिल्लामा धानबालीमा क्षति पुगेको छ । वर्षाका कारण काटेको धानबालीमा १० प्रतिशतभन्दा बढी क्षति पुगेको छ । पर्वतमा धान काट्ने मुख्य समयमा लगातार वर्षा भएका कारण पाकेको धानबालीमा बढी क्षति पुगेको हो । जिल्ला कृषि विकास कार्यालय पर्वतले दिएको जानकारीअनुसार काटेर खेतमा सुकाएको धानबालीमा सबैभन्दा बढी क्षति पुगेको छ । अझै केही दिन लगातार वर्षा भएमा पर्वतको धेरै क्षेत्रमा धानबालीमा क्षति पुग्ने अनुमान गरिएको छ ।

“अहिलेसम्म १० प्रतिशतमा क्षति पुगेको छ”, वरिष्ठ कृषि विकास अधिकृत वासुदेव रेग्मीले भने, “अझै केही दिन वर्षा भएमा पाकेको धानबालीमा धेरै ठूलो क्षति पुग्नेछ ।” पर्वत जिल्लामा धान थन्क्याउने सबैभन्दा व्यस्त समयमा वर्षा भएका कारण पाकेको धानबाली खेतमै छ भने काटेर सुकाएको धान कुहिएको छ । पर्वतमा कात्तिक नलाग्दै पाँच प्रतिशत धानबाली थन्काइसकिन्छ भने मङ्सिरमा पनि बढीमा १५ प्रतिशत धानबाली थन्काउने गरिन्छ । बाँकी सबै धानबाली कात्तिकको पहिलो हप्तादेखि अन्तिम हप्तासम्ममा थन्काउने गरिन्छ । केही दिनयता परेको असिनाले पनि पर्वतको भूक, फलेवासलगायतका क्षेत्रमा क्षति पुगेको छ । केही दिनअघि मात्रै पर्वतको उत्तरी भुकताङ्ले गाविसको मोहरिया, ताङले लगायतका स्थानमा वर्षासँगै परेको असिनाले झन्डै ३०० रोपनी खेतमा लगाइएको धानमा क्षति पुऱ्याएको थियो ।

“असिनाले धान खेतमा बिस्कुन सुकाएजस्तै बनाइदियो” त्यहाँका कृषक भीमबहादुर मल्लले भने, “भुकताङ्ले गाविसको वडा नं १ को केही भाग र २ र ३ वडाका कृषकको धानखेती बढी प्रभावित बनाएको छ ।”गत वर्ष पनि पर्वतमा पाँच प्रतिशतले धान उत्पादन बढेको थियो । पर्वतमा आठ हजार ८३० हेक्टरमा बर्खे धानखेती गरिँदै आएको छ भने ७६५ हेक्टरमा हिउँदे धानखेती गरिँदै आएको छ । जिल्लामा कुल नौ हजार ५५५ हेक्टरमा धानखेती हुँदै आएको छ । पर्वत जिल्लाको धान उत्पादन २ दशमलब ४१ टन प्रतिहेक्टर रहेको कार्यालयले जनाएको छ ।

## हंसपुरमा सामूहिक बाख्रापालन व्यवसाय फस्टाउँदै

पोखरा । कास्की जिल्लाको हंसपुर गाविसलाई कार्यक्षेत्र बनाएर गठित आरुखर्क कृषि सहकारी संस्था लिमिटेडले सामूहिक बाख्रापालन व्यवसाय सुरु गरेको छ । सहकारीले स्थानीय आरुखर्कमा खरिद गरेको ४५ रोपनी जग्गामा निर्माण गरिएको खोरमा ३० वटा माउ बाख्रा र एउटा उन्नत जातको बोको खरिद गरेर सो व्यवसाय सुरु गरेको हो । स्थानीय पुँजी, घाँस र जनशक्तिका आधारमा सो बाख्रापालन व्यवसायमा हालसम्म रु २५ लाखभन्दा बढी खर्च भइसकेको संस्थाका सदस्य कालीदास सुवेदीले जानकारी दिए ।

सामूहिक रूपमा सञ्चालन गरिएको सो व्यवसायमा सहकारीका सदस्यले रु १० हजारदेखि तीन लाखसम्म लगानी गरेका छन् भने १०० भन्दा बढी माउ बाख्रा पुऱ्याउने लक्ष्य रहेको छ । संस्थामा ६० जना सेयर सदस्य आबद्ध रहेका छन् । दानामा भन्दा घाँसमा आधारित बाख्रापालन गर्ने उद्देश्यले संस्थाले राइखनियो, बडहर, टाँकीलगायत विभिन्न जातका १७ हजार बिरुवा रोपेको सुवेदी बताउछन् । बाख्राको रेखदेखका लागि एकजना कर्मचारी व्यवस्था गरिएको छ । जिल्ला कृषि विकास कार्यालय कास्कीको अनुदानमा १०० मिटर पाइप प्राप्त भएपछि खानेपानीको सुविधा पुगेको छ ।

त्यसअघि सहकारीको सक्रियतामा रामकोटदेखि बाख्रा फार्मसम्मको दुई किलोमिटर मोटर बाटो निर्माण गरिएको थियो । सो सहकारीले बाख्रासहित माछा पाल्ने उद्देश्यले १० हजार भुरा पाल्न सकिने पोखरी निर्माण गरेको छ । निकट भविष्यमा बङ्गुर र लोकल कुखुरासमेत पाल्ने उद्देश्य रहेको छ । रासस

# पौने चार करोडबराबरको वार्षिक स्वीकृत बजेट सार्वजनिक

जुम्ला । जिल्ला पशुसेवा कार्यालय जुम्लाले कात्तिक दोस्रो साताभित्रै पौने चार करोड बराबरको वार्षिक स्वीकृत बजेट र कार्यक्रमका बारेमा जिल्लास्थित सम्पूर्ण सरोकारवालामाझ सार्वजनिक गरेको छ । सर्वसाधारण जनतालाई सुसूचित गराउन तथा किसानले यसबाट सकेसम्मको लाभ लिउन् भन्ने उद्देश्यले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको सार्वजनिक गरी सम्पूर्णलाई जानकारी दिन सरोकारवालाको सहभागितामा यो कार्यक्रम गरिएको जिल्ला पशुसेवा कार्यालय जुम्लाका वरिष्ठ कृषि विकास अधिकृत डा रेशमराज ज्ञवालीले जानकारी दिए ।

जिल्लास्तरका सम्पूर्ण राजनीतिक दल, कार्यालय प्रमुख, सञ्चारकर्मी तथा नागरिक समाजका बीच अधिकृत डा ज्ञवालीले रु तीन करोड ६६ लाख १८ हजार स्वीकृत बजेटमा कार्यक्रमतर्फ रु एक करोड ४२ लाख ८२ हजार र प्रशासनिक तथा पुजीगततर्फ रु दुई करोड २३ लाख ३६ हजार रहेको बताए । अभिमुखीकरण गोष्ठीको सम्बोधन गर्दै निमित्त प्रमुख जिल्ला अधिकारी चेतनकुमार खत्रीले स्वीकृत बजेट तथा कार्यक्रमको अख्तियारीको सन्दर्भमा सरोकारवालामाझ सार्वजनिक गर्नु सुशासनको पाटो भएको बताउँदै यसले लक्षित वर्गलाई मूलप्रवाहमा ल्याउन सहयोग पुऱ्याउने विश्वास रहेको बताए । त्यसैगरी दलहरूका तर्फबाट नेकपा एमाले जिल्ला कमिटी सचिव आदिप्रसाद न्यौपानेले बजेट तथा कार्यक्रमका विषयमा जानकारी गराउने पशुसेवा कार्यालय जुम्लाको थालनीको प्रशंसा गर्दै दोहोरो पर्ने कार्यक्रममा सबै सजग हुन सुझाए ।त्यसैगरी कार्यालयकातर्फबाट जिल्ला वन कार्यालय जुम्लाका वरिष्ठ सहायक वन अधिकृत श्यामलाल महतले पशुसेवा कार्यालयले जनतामाझ पारदर्शीता देखाएको बताए ।

**दलहरूका तर्फबाट नेकपा एमाले जिल्ला कमिटी सचिव आदिप्रसाद न्यौपानेले बजेट तथा कार्यक्रमका विषयमा जानकारी गराउने पशुसेवा कार्यालय जुम्लाको थालनीको प्रशंसा गर्दै दोहोरो पर्ने कार्यक्रममा सबै सजग हुन सुझाए ।त्यसैगरी कार्यालयकातर्फबाट जिल्ला वन कार्यालय जुम्लाका वरिष्ठ सहायक वन अधिकृत श्यामलाल महतले पशुसेवा कार्यालयले जनतामाझ पारदर्शीता देखाएको बताए ।**

उनले वन र पशुको अन्योन्याश्रित सम्बन्ध रहेकाले आगामी दिनमा समन्वय र सहकार्य गर्दै जाने बताए । यस आव ०७१/०७२ मा जिल्ला पशुसेवा कार्यालय जुम्लाले पशुसेवा प्रसार, कर्णाली अञ्चल विशेष कृषि विकास आयोजना, कृषि तथा खाद्य सुरक्षा आयोजना, पशु स्वास्थ्य नियमन कार्यक्रम, हिमाली आयोजना र राष्ट्रिय एचएस/विक्यू रोग नियन्त्रण कार्यक्रम गरी छवटा कार्यक्रम एवम् पुँजीगत तथा प्रशासनिक क्षेत्रमा स्वीकृत बजेट खर्च गर्ने जनाएको छ ।

# बङ्गुरपालनबाट आत्मनिर्भर बन्दै महिला

तुलसीपुर (दाङ) । सधैंभरि चुलोचौकामा मात्र सीमित रहने दाङको घोराही नगरपालिका वडा नं ८ वनगाउँका महिला पछिल्लो समयमा विभिन्न समूहमा आबद्ध भई बङ्गुरपालन गर्न थालेपछि आत्मनिर्भर बन्दै गएका छन् । घर व्यवहार चलाउँदै आएका महिला समूहमा सामेल भई केही जान्ने बुझ्ने भएर बोल्न सक्ने भई बङ्गुरपालन व्यवसाय अँगालेपछि आत्मनिर्भर बन्न सफल भएका हुन् । वनगाउँमा 'झरना उपहार महिला समूह' गठन गरी ५० जना महिला सामाजिक कार्यका साथै आफ्नो जनजीवन पनि सहज र सरल बनाउन सफल भएको बताउँछन् ।

समूहमा सामेल भएर पछिल्लो समयमा पशुपालनबाट आफू सक्षम भएको बताउछिन् वनगाउँकी गोपाली चौधरी । उनले बङ्गुरपालन गरेर आफ्नो घर व्यवहार राम्रोसँग चलाउन सफल भएको र केही पैसा बचत गर्न पनि सफल भएको बताइन । "बङ्गुर पालेर घर व्यवहार राम्रोसँग चलाएकी छु", उनले भनिन, "यही बङ्गुरका बच्चा बेचेर घरमा टिन पनि लगाएँ, छोराछोरीलाई पढाउन पनि पुगेको छ", उनले भनिन । अहिले उनले बङ्गुरपालनबाट वर्षमा रु एक लाख आम्दानी गर्न सफल भएको बताइन । सुरुमा हेफर इन्टरनेसनल नेपालको सहयोगमा दुईवटा बङ्गुरबाट आफूले बङ्गुर पाल्न सुरु गरेको र आजसम्म आफू सक्षम भएको चौधरीको भनाइ छ । उनले आफूले बङ्गुरबाट राम्रो आम्दानी गरेपछि आफूसँग भएको एउटा गाई र दुईवटा बङ्गुरका पाठी कमजोर आर्थिकस्थिति भएको परिवारलाई उपहारस्वरुप दिएको पनि बताइन ।

हेफरको सहयोगमा दुईवटा सुँगुरबाट नै आफूले पनि बङ्गुर पाल्न सुरु गरेको र एक वर्षमा करिब रु एक लाखभन्दा बढी आम्दानी गर्न सफल भएको बताउछिन- सोही गाउँ निवासी सीता चौधरी । दुईवटा बङ्गुरबाट पशुपालन गर्न सुरु गरेकी हुँ र एक वर्षमा रु एक लाखभन्दा बढी आम्दानी भयो। चौधरीले भनिन । अहिले गोपाली र सीताले मात्र होइन सोही ठाउँ निवासी जुगमानी चौधरी पनि सुँगुर र बाखापालनबाट जीविकोपार्जन गर्दै आएको बताउछिन । दुईवटा बाखाबाट सुरु गरेको पशुपालन व्यवसायबाट वर्षमा रु २५/३० हजारसम्म आम्दानी गर्ने गरेको बताइन । सोही बाखा बेचेर आम्दानी गरेको पैसाले सँगुर किनेर सँगुरपालन पनि सुरु गरेको हुँ - चौधरीले भनिन । यसैगरी अप्सरा गिरी पनि बाखापालनबाट आत्मनिर्भर बन्दै गएको बताउछिन । हेफरकै सहयोगमा दुईवटा बाखाबाट सुरु गरेको बाखापालनबाट आफूहरु आत्मनिर्भर बन्दै गएको र घरपरिवार चलाउन तथा चाडपर्वमा खर्च गर्न र छोराछोरी पढाउन सजिलो भएको बताइन । प्रायजसो कृषि पेसामा आश्रित रहेको गाउँमा महिलाले पशुपालनसँगै राम्रो आम्दानी गर्न सफल भएको बताउछिन- झरना उपहार महिला समूहकी अध्यक्ष रुक्मिणी भारती । महिलाले गरेको पशुपालनबाट भएको आम्दानी रकमले घरपरिवारको दैनिकी चलाउन सहज भएको र दुख बिरामी परेको समयमा औषधि उपचारका लागि सहयोग मिलेको भारतीले बताइन ।

पशुपालनको सुरुवातसँगै पशुलाई खुवाउनका लागि व्यावसायिक रुपमा घाँसखेती गरेको पनि भारतीले बताइन । दुई समूहका ५० जनाले निजी तथा सामूहिक रुपमा व्यावसायिक घाँसखेती गरेको र घाँसखेतीबाट पनि राम्रो आम्दानी गर्न सफल भएको अध्यक्ष भारतीले जानकारी दिइन । समय समयमा महिलाको सक्रियतामा गाउँमा विकास निर्माणका कामसमेत भएका छन् ।

**कञ्चनपुरको ढाणाका कृषक खेतमा अविरल बर्षाका कारण भिजेको धान अन्यत्र सार्दै । तीन दिन सम्म लगातार परेको पानीका कारण यहाँका कृषकहरुले काटेको धानबालीमा क्षति व्यहोर्नु परेको छ । कृषि विकास कार्यालयका अनुसार बर्षाका कारण धान काटेका कृषकहरुले पाच लाख बढीको क्षति व्यहोरेका छन ।**



# गोरखामा काँचो सुन्तला बिक्रीले आर्थि समस्या हल

गोरखाबजार । गोरखाका किसानले बेलै नभई सुन्तला बिक्री गरेका छन् । गत वर्षभन्दा प्रतिकेजी सुन्तलाको भाउ महँगो पाएपछि किसानले काँचो सुन्तला बिक्रीका लागि बजार झारेका हुन् । प्रतिकेजी मूल्य रु ७० पाएपछि किसानले अलिअलि पहेँलो भएको सुन्तला पनि बिक्री गरेका छन् । त्यस्तै प्रतिकेजी रु ५५ मा किसानले घरैबाट ठेकेदारलाई काँचो सुन्तला बिक्री गर्न थालेका छन् । गोरखाको मनकामना, ताङलीचोक, ताक्लुङ, मकैसिङ, नारेश्वर, फिनाम, हर्मीका किसानले बेलै नभई सुन्तला बिक्री गरेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ ।



थोरै बोट सुन्तला लगाएका किसानले आर्थिक समस्या हल गर्नका लागि काँचो सुन्तला बजारमा बिक्री गरेको कार्यालयका योजना अधिकृत कृष्णप्रसाद पौडेलले जानकारी दिए । "साना तथा मझौला किसानले बेलै नभई काँचो सुन्तला बिक्री गरे", पौडेलले भने, "दसैं, तिहारको खर्च जोहो गर्नका लागि किसानले सुन्तला बेचेका छन् ।" स्याउको मूल्य बढेपछि व्यापारीले काँचो सुन्तला खरिद गरी बिक्री गर्न थालेको अधिकृत पौडेलको भनाइ छ । "बजारमा फलफूलको माग बढ्दो छ", उनले भने, "चाडबाडले गर्दा अमिलो सुन्तला पनि बिक्री भएको छ ।" किसानले पाकेको सुन्तलाको भाउमा काँचो सुन्तला बिक्री गरेको उनले जानकारी दिए । "घरखर्च चलाउन पनि काँचो सुन्तला बिक्री गर्नुपर्ने किसानको बाध्यता छ", पौडेल भन्छन्, "व्यापारीले पनि सुन्तला टिपेर बेच्न किसानलाई कर गरेपछि समस्या भएको छ ।" प्रायःगरी कात्तिक अन्तिम सातादेखि सुन्तलाको मौसम सुरु हुन्छ ।

गोरखामा उत्पादन भएको सुन्तला गोरखा बजार, चितवनको मुग्लिन बजार, नारायणघाट र पोखरामा बिक्री हुँदै आएको छ । गत वर्षभन्दा सुन्तलाको उत्पादन घट्ने कृषि विकास कार्यालयको अनुमान छ । उत्पादन घटे पनि मूल्य बढेकाले किसानलाई घाटा नपर्ने पनि पौडेल बताउछन । "गत वर्षको भन्दा सुन्तलाको दाना साना छन्", उनले भने, "भाउ बढेकाले किसानलाई खासै असर पर्दैन ।" गोरखाको विभिन्न गाविसमा गरी ७४५ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिएको छ । जिल्लाका दुई सयभन्दा बढी किसानले आफ्नो बारीमा व्यावसायिक सुन्तलाखेती गरेका छन् । गत वर्ष सुन्तला बिक्री गरेर गोरखामा रु १७ करोड भित्रिएको थियो ।

## पर्वको अवसरमा रु २५ लाखको केरा बिक्री

गौशाला । छठपर्वको अवसरमा महोत्तरीको जलेश्वरमा रु २५ लाखको केरा बिक्री भएको छ । छठपर्वको मुख्य मानिएको केरा जलेश्वर बजारमा अन्य वर्षभन्दा बढी रु २५ लाख बराबरको बिक्री भएको स्थानीय केरा व्यापारीले बताएका छन् । छठपर्वका लागि लागेको अन्तिम हाटबजारमा विगतको सबै रेकर्ड तोड्दै रु २५ लाखको केरा बिक्री भएको जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृपाशङ्कर साहले बताए । पहिले पहिले रु १२/१५ लाखसम्मको केरा बिक्री हुने गरेको जलेश्वर बजारमा यस वर्ष रु २५ लाखको केरा बिक्री भएको केरा व्यवसायी ओम चौधरीले बताएका छन् ।

जलेश्वरमा केरा व्यवसाय गर्दै आएका पाँच/सात जना व्यापारीले सामूहिकरुपमै यसपालि १५ ट्रक केरा मगाएकोमा अहिले जलेश्वरमा एउटा गुच्छा केरा पनि बाँकी नरहेको व्यापारी विनय चौधरीले बताए । विगतका वर्षमा पाँच/सात ट्रक मात्रै केरा आउने गरेको जलेश्वरमा यस वर्ष १५ ट्रक केरा भित्रिएको मूल भन्सार कार्यालय जलेश्वर जनाएको छ । बसाईँसराइ र आन्तरिक रुपमै पनि जलेश्वरको दिनानुदिन बढ्दै गरेको जनसङ्ख्यालाई मध्यनजर गर्दै यसपालि स्थानीय केरा व्यापारीले रु २५ लाखको केरा ल्याएकोमा सबै बिक्री भइसकेको व्यापारीले बताएका छन् ।

# विदेश जानेलाई पनि अब अनुदानको व्यवस्था

नवलपरासी । जिल्ला कृषि विकास कार्यालयले विदेश जाने र विदेशबाट फर्किएका युवालाई लक्षित गरी विभिन्न कृषि कार्यक्रम ल्याएको छ । कार्यालयले व्यावसायिक तरकारीखेती, मौरीपालन, च्याउखेती र माछापालनमा अनुदान ल्याएको हो । कार्यक्रमका लागि इच्छुक युवासँग आवेदन माग गरी सकिएको कार्यालयले जनाएको छ ।

आवेदनसँगै राहदानीको फोटोकपिसमेत मागिएको कार्यलयका योजना अधिकृत शिव चौधरीले बताए । जिल्लाका ६० जना व्यावसायिक तरकारीखेती गर्ने युवालाई रु ६० हजारका दरले, ४० जनालाई रु ४० हजारका दरले र मौरीपालनमा रु एक लाख ८० हजारका दरले अनुदान उपलब्ध गराइनेछ ।

# Musth: Madness state in male bull Elephants

Musth or must is a periodic condition in bull (male) elephants, characterized by highly aggressive behavior and accompanied by a large rise in reproductive hormones. Testosterone levels in an elephant in musth can be as much as 60 times greater than in the same elephant at other times. However, whether this hormonal surge is the sole cause of musth, or merely a contributing factor, is unknown; scientific investigation of musth is problematic because even the most placid elephants become highly violent toward humans and other elephants during musth, requiring segregation and isolation until they recover. Female elephants do not undergo musth.



**Cause and effects :** Although it has often been speculated by zoo visitors that musth is linked to rut, it is unlikely there is a biological connection because the female elephant's estrus cycle is not seasonally-linked, whereas musth most often takes place in winter. Furthermore, bulls in musth have often been known to attack female elephants, regardless of whether or not the females are in heat. There has been speculation that musth is connected to natural periodic reorganization of dominance among males in elephant herds.Often, elephants in musth discharge a thick tar-like secretion called temporin from the temporal ducts on the sides of the head. Temporin contains proteins, lipids (notably cholesterol), phenol and 4-methyl phenol, cresols and sesquiterpenes (notably farnesol and its derivatives). Secretions and urine collected from zoo elephants have been shown to contain elevated levels of various highly odorous ketones and aldehydes. The elephant's aggression may be partially caused by a reaction to the temporin, which naturally trickles down into the elephant's mouth. Another contributing factor may be the accompanying swelling of the temporal glands; this presses on the elephant's eyes and causes acute pain comparable to severe root abscess toothache. Elephants sometimes try to counteract this pain by digging their tusks into the ground. A musth elephant, wild or domesticated, is extremely dangerous to both humans and other elephants.



Dr. Kedar Karki

Bull elephants in musth have killed numerous keepers when a normally friendly animal became uncontrollably enraged; in contrast to normal dominance behavior, bulls in musth will even attack and kill members of their own family, including their own calves.

**External Manifestation of Musth :** Musth occurs in male elephants, both Asian (Elephas maximus) and African (Loxodonta africana). In the Asian male elephant, both tuskers and tuskless males (mukhnas) come into musth. The temporal gland secretion starts in the subadult stage but becomes typical musth only after reaching maturity. In the adult male, five stages of musth have been described viz pre-musth, early musth, mid-musth, post-musth and non-musth, the musth activity being typicallyover a 16 week period.

**Is Musth Controllable ? :** Musth in elephants is a normal process. It becomes a problem only in the case of man-elephant interactions. Very often the animal becomes quite docile subsequent to the aberrant behavior almost as if it regrets its misconduct and the mahouts consider this normal and a factor not to be held against the elephant! The mahouts know that animals in musth misbehave but laxity on their part can lead to tragedy.

## DIFFERENT AGRICULTURE PROGRAMMES TARGETING YOUTHS

Nawalparasi,: The District Agriculture Development Office (DADO), Nawalparasi, has brought different agriculture programmes targeting the youth, going for overseas employment and those returned from foreign employment.According to the DADO, it has already asked applications from the youths for the programmes.

Planning officer, Shiva Chaudhari, said they have also asked for the photocopy of the passport along with the application from the youth.The office would provide grant for commercial vegetable farming, bee keeping, mushroom farming and fishery, he added. The Office would provide Rs 60,000 each to 60 youth for commercial vegetable farming and Rs 40,000 each to 40 youth for bee keeping.



*Customers shop for produce at a Whole Foods market on San Francisco, California. The program is called "Responsibly Grown" and will label fruits and vegetables as good, better, or best, depending on growing conditions. APF*

## FREED HALIYAS MAKING GOOD INCOME FROM BANANA FARMING

Kanchanpur,: Freed Haliya (bonded plowmen) families of Krishnapur- 2 of Kanchanpur district have started banana farming by taking loans. Mina Sarki and Lalmati Sarki started this by taking loans from a village landlord at Rs. 2 percent annual interest rate. Meena took Rs. 30,000 and Lalmati Rs. 60,000. Both have been making Rs. 100,000 to Rs. 200,000 in mere six months.

They have been doing this in five kattha and ten katthas of land respectively and have been able to pay back loan during the six month period. It was not sufficient for us for our livelihood when we grew cereals, but now we can easily manage from the banana farming, they said. RSS

## IMPORT OF INDIAN FRUITS INCREASES WITH THE CHHATH FESTIVAL DRAWING CLOSER

Gaushala,: Import of Indian fruits has increased in Mahottari district with the Chhath festival drawing closer. Import increased as more fruits is consumed during the festival, said the Mahottari Fruits Entrepreneurs Association. In Mahottari, apples from Kashmir, pomegranates from Nasik in Maharastra, India, and bananas from Hajipur of Bihar are imported during the festival, say traders. According to the Main Customs Office at Malibara, upto ten trucks of fruits are now brought from India as against two to three trucks in the past.

Fruits imported from this point go as far away as Mahottari, Janakpur, Sindhuli and Lahan of Siraha, say traders. However, no special contribution has been made in revenue even if the import increased, the Customs Office said. As no customs is charged in fruits, only Rs. 18,000 per truck is charged as Agriculture Reform Fee. Fruit wholesale traders said as no fruits are found in the country as per the demand and as there is no road for transport, import is natural. During Chhath, sugarcane and various fruits, turmeric, sweets, bananas, and ginger is mostly sold in the Mithila region. These items are sold mainly in Matihani, Pipara, Gaushala, Ramgopalpur, Samsi, and Aurahi.Traders said such goods worth Rs. 50,000 are sold daily as against Rs. 25, 000 last year.

## SMALL TEA FARMERS AGITATE

Banyani (Jhapa): Small tea farmers are agitated as a tea processing factory of Jhapa fixed green tea price willfully against earlier agreement. The Haldibari Tea Processing Pvt. Ltd. at Haldibari- 2 Jhapa fixed Rs. 2- Rs. 4 per kg of green tea without informing the tea farmers for the past two weeks, which has created the problem. Cost of tea per kg reaches Rs. 7.50 when transported to factory, and the rate fixed by the factory has hit the farmers hard, said a farmer Ishwor Dahal.

Member of the small farmers and Jhapa tea entrepreneur Saroj Bimali said there is no abiding by the agreement between tea farmers and processing factory, it has been fixed willfully since August, which is not in the interest of the farmers. The National Tea and Coffee Development Board, Jhapa is fixing the rate every week as per the rate of the green tea in Indian tea factories.Farmers have also sloganeered at the factory demanding appropriate price. The tea factory is run by Sanghai Group.

## PARBAT LIKELY TO SEE INCREASE IN ORANGE PRODUCTION

Phalebas (Parbat) : This year, orange production in Parbat district is estimated to go up by 20 per cent compared to the previous year.Farmers are hopeful that favourable climate, expansion of orange farming, and better care and management of orchards would pay them well this year.A total of 3,200 metric tonnes of oranges was produced in the district last year, said Machhapuchre Orange Producers Cooperative Chairperson Dataram Sharma. A total of 690 hectares of land has been used for orange farming.

Banskharka, Shalija, Deupur, Tilhar, Kurgha, Limithana, Pangrang, Tribeni, Huwas and Saraukhola are known as 'pocket areas' in view of orange farming in Parbat. We are hopeful of better production of orange this year as we have improved our gardens this year and are blessed with favourable climate as well, famer Jagat Bahadur Khatri said. The district supplied orange worth over Rs 13 million last year. Orange produced in Parbat is supplied to Chtiwan, Kakarvitta and Butwal. Orange farmers here have expected for government grant assistance and for technical assistance in the cultivation. However, farmers from Tribeni to Limithana, the remote southern part of the district, have the problem of market for their produces.

## DADO, CHITWAN, INTRODUCES FOUR NEW PROGRAMMES

Ratnanagar (Chitwan),: The District Agriculture Development Office (DADO), Chitwan, has brought four new programmes in the current fiscal year 2071/72 BS targeting youth in the district.Chief at the Planning Section of the DADO, Santosh Poudel, said the office has target to run four new programmes with the budget of more than 16.3 million rupees with the objective of motivating the youth towards commercial agriculture. Poudel further said a programme on commercial vegetable farming run from the fiscal year 2070/71 BS targeting the youth is to continue this year also.Commercial bee keeping and mushroom farming are the important programmes under the new programmes this year.

The office has allocated Rs 12.4 million for these programmes, it is learnt.Poudel said the office would provide grant assistance to all programmes and added that the programmes run in the previous fiscal years would be run this year too.The office is going to run different programmes after the budget of the office was increased by 79 per cent this year and it reached Rs 75.6 million from Rs 42.1 million. The district has around 47,000 hectares of fertile land. RSS

## मासुजन्य...

अनि खर्च अझ जतिगर्दा पनि उपचार निष्प्रभावी हुनुको साथै मानविय एवं पशुपंक्षीको मृत्युबाट हुने क्षती बारे सोच्नु पर्ने बेला भएको छ । अझ कतिपय प्रतिजैवीक पशुपंक्षीको तौल वृद्धि उत्पादन एवं उत्पादकत्व वृद्धिका लागि प्रयोग गर्ने गराइने गरिन्छ, ती मानिसको स्वास्थ्य प्रतिकुलतामा प्रयोग गरिने समुहसँग मिल्दा(जुल्दा हुन्छन ।

**एन्टीवायोटिकको निष्प्रभावकारीताको खतरा अनी चुनौती :** एक्काइसौं शताब्दीको प्रवेशसँगै चिकित्सा विज्ञानले जनस्वास्थ्य क्षेत्र विरामी उपचार गर्दै व्यहोर्नु परेको चुनौती भनेको विरामीको उपचारमा प्रयोग गरिने चनल चल्ती तथा उत्तराआधुनिक एन्टीवायोटिक उपचार निष्प्रभावी हुनु मानिन्छ । यसो हुनुको मुख्य कारणा पशुपंक्षीमा अनियन्त्रितरुपमा हुने गरेको एन्टीवायोटिकको प्रयोगले ती पशुबाट उत्पादित पशुजन्य उत्पादनमा हुन जाने तीनको अवशेषको उपयोगको परिणतीको रुपमा लिइएको छ । अझ खाद्य श्रृङ्खलाका माध्यमबाट पशुमानै एन्टीवायोटिक प्रतिरक्षात्मक विकाश भएमा जीवाणु मानीसको शरीरमा प्रवेश गर्न सक्ने खतरा उत्तिकै छ । पशुपंक्षीमा उपचारका क्रममा चाहिने भन्दा बढिमात्रा तथा अनावश्यकरुपमा एन्टीवायोटिक प्रयोगले उत्पन्न समस्याले मानव स्वास्थ्यलाई त पिरोलेकै छ, यसका साथै पशुपंक्षीहरुमा पनि रोगको रोकथाम गर्न र एन्टीवायोकिट पहिलै खुवाएपछि हलक्क जीउ लाग्छ भनी एन्टीवायोटिक जथाभावी प्रयोग गर्दा पशुपंक्षी साँच्चिकै विरामी पर्दा ब्याक्टोरियाले गर्दा विरामी भएको पशुलाई एन्टीवायोटिक दिई उपचार गर्दा निष्प्रभावी हुने गरेको समस्याले कृषकमात्र हैन मै हुँ भन्ने पशु चिकित्सक रनभुल्ल परेको कथा पनि छ ।

**हैन यी व्याक्टेरियाले, एन्टीवायोटिक निष्प्रभावी कसरी बनाउछ ?:** यसबारे भिन्न भिन्न सिद्धान्त पकृया हुने गरेको छ । उदाहरणका लागि सालमोनेला टाइफिमुरीयम प्रजातीको व्याक्टोरिया जुन सुकै खाले एन्टीवायोटिकको सम्पर्कमा आउँदा आफुलाई तुरुन्तै सुरक्षित पार्छ भने साल्मोनेला डवलीन भने त्यही खाले एन्टीवायोटिक लामो समय सम्म प्रयोग गर्दा पनि सम्वेदनशील रहन्छन अर्थात नष्ट भएर जान्छन् । त्यसैगरी स्टेप्टोकोकस ओरियसका लागि पेनिसिलियम समुहको एन्टीवायोटिक प्रयोग गर्दा छोटो समयमा निष्प्रभावीताको समस्या देखा पर्दछ भने, स्टेप्टोकोकस निमोनिइ प्रजातीमा यो समस्या देखा पर्न २० वर्षको समय लाग्न सक्ने तथ्य भेटिन्छ । पशुपंक्षी उपचारका लागि फलुरोकुयीनोल समुहको औषधि प्रयोगमा ल्याउदा कम्पाइलो व्याक्टर प्रजातीका व्याक्टोरिया तथा अप्रामाइसिन एन्टीवायोटिक प्रयोगमा ल्याउदा इ.कोलाई तथा सालमोनाला प्रजातीका व्याक्टोरियाले छिट्टै निष्प्रभावी पारे भने एम्पीसिलिनलाई निष्प्रभावी पार्न भने लामै समय प्रयोग गराएको हुनुपर्ने देखिन्छ । एक पटक प्रयोग पछि केही समय छाडी प्रयोग गर्दा टूसाइक्लिन समुहका एन्टीवायोटिकमा भने व्याक्टोरियामा यीनको निष्प्रभावी गराउने क्षमता रहिरहने गर्दछ । यसको विपरित एमोपारसीन जस्ता एन्टीवायोटिकको हकमा भने यसको ठिक विपरित हुने गर्दछ ।

**मानव स्वास्थ्य जनस्वास्थ्यमा एन्टीवायोटिक निष्प्रभावीताले सृजना गरेको समस्या :** पशुपंक्षी पालन गर्दा ती पशुपंक्षी विरामी नपर्दै तथा विरामी भए पछि पनि जथाभावी किसिम मात्रा र समय सिमासम्म आवश्यक अनावश्यक एन्टीवायोटिक प्रभाव राख्न सक्ने जीवाणु मानिसको शरीरमा प्रवेश गरि वासस्थान बनाउन सक्छ । त्यसो नभए पशुजन्य उत्पानमा अवस्थित एन्टीवायोटिकको अवशेष पशुजन्य हुदै जादा मानिसको शरीरलाई प्रतिकुल असर पार्ने व्याक्टेरियाले आफुमा एन्टीवायोटिक सहनशीलताको क्षमता विकाश गर्न सक्छ । जसका कारण मानिस जनसमुदाय कुनै कारणले बिरामी हुन पुगे तीनलाई उपचार गर्न दिइने एन्टीवायोटिक निष्प्रभावी हुनजाने सम्भावना नै आजका हाम्रा नाम चलेका नर्सिङहोमका विज्ञ चिकित्साकर्मीको टाउको दुखाई हो । विश्व भूगोलमा जहाँ पनि यो समस्या देखिएको छ । यस्को मुख्य कारण पशुजन्य उत्पादनको सेवनले खाद्य श्रृङ्खलाबाट नै जनस्वास्थ्यमा सरेको देखिन्छ । आज पशुजन्य स्वास्थ्यकर्मी र मानव जनस्वास्थ्यकर्मीको माथिंगल विग्रेको यतिले मात्र हो । यसका लागि पशुपंक्षी वद्य पछि मासु टुक्राटुक्रा पारी हाम्रा भान्छासम्म पुग्नु भन्दा पहिले ती पशुका तन्तुमा एन्टीवायोटिकको अवशेषको अवस्थितिको विश्लेषण गर्ने हो भने हाम्रा पशुपालन क्षेत्रमा के कस्ता समुहका एन्टीवायोटिकहरुको प्रयोग, उपयोग, दुरुपयोग भएको एकिन गर्न सकिने छ । जसका अनुशार उत्पादन थलो मानै यी रसायनको प्रयोगको न्युनीकरण, निषेध, तथा नियमन मात्र गर्ने हो भने यो समस्या आधा समाधान हुन्छ । युरोप लगायतका पश्चिमी विकशित मुलुकमा यो प्रकृया कानुनीरुपमा थालनी भएको छ । त्यसैले त्यहा निषेधित एन्टीवायोटिक समुह हाम्रो एग्रो(भेट पशलमा आधुनिक, अति प्रभावशाली, सवैखाले पशुपंक्षीका रोगव्याधीका लागि रामबाँण जस्तो बिशेषता सहित सर्वव्यापी छन् । के दुर्गम न सुगम तीनको प्रयोगको मात्रा, अवधि कस्तो अवस्थामा प्रयोग गर्ने, प्रयोग पछि कति दिनसम्म रोके पछि यसको अवशेष पशुपंक्षीको शरीरबाट विसर्जन हुन्छ त्यसपछि मात्र त्यस पशुबाट उत्पादित पशुजन्य उत्पादन जनसमुदायका लागि उपयोग गर्न सुरक्षित हुन्छ भन्ने बारे सुचना दिने फुर्सद ती आयातकर्ता, विक्रेता तथा सल्लाह दिने पशु स्वास्थ्य प्रविधिक, पशुचिकित्सक तथा विज्ञलाई फुर्सद हूदैन ।

**यो समस्या कसरी न्युनीकरण गर्ने ?:** जनस्वास्थ्यमा एन्टीवायोटिक निष्प्रभावकारीता समस्या न्युनीरकण गर्न हालको पशुपालन व्यवस्थापनमा सन्तुलित सुधार तथा प्रचलित सरुवा तथा संक्रमक रोगहरुको व्यवस्थीत नियन्त्रण एवं रोकथाम गर्नु हाम्रा प्राथामिकतामा पर्नु पर्ने हुन्छ । मासु तथा अन्य पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, स्वास्थ्य, सफा, स्वच्छ वातावरणमा गर्ने सुनिस्चितता तथा पशुपंक्षीबाट मानिसमा सर्ने रोग बारेमा पशु उत्पादन मानिसको उपभोगको लागि तयार गर्ने बेलामै उचित निगरानी गर्ने हो भने आधा जनस्वास्थ्य सुरक्षित हुने सक्नेछ । यस वाहेक मानिसको उपचार हुने थलो, उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी, प्राथामिक उपचार केन्द्र, जिल्ला, क्षेत्र, उपक्षेत्र र विशिष्ट उपचारका लागि सञ्चालनमा रहेका नर्सिङहोममा कार्यरत स्वास्थ्यकर्मी, चिकित्सक तथा विज्ञहरुले एन्टीवायोटिक प्रयोगले मात्र सवै खाले रोग व्याधी निको हुन्छ भन्ने मोह त्यागी जुन विरामीलाई, जुन समुहको एन्टीवायोटिक उपयुक्त मात्रा र अवधिका लागि चाहिने हो भने किन औषधिले काम गरेन यो डाक्टर काम नलाग्ने भनी अवगाल खाने ।

**एन्टीवायोटिकको विकल्प खोज्नै पर्ने हुन्छ :** युरोपीयन युनियन तथा पश्चिमा मुलुकमा पशुपालनमा रोग नियन्त्रण एवं तौल तथा उत्पादन वृद्धिका लागि प्रयोग गरिने एन्टीवायोटिकको प्रयोग गर्ने कानुन निषेध गरेको स्थिति छ । पशुपंक्षी पालनमा स्वच्छता तथा सफाई एवं स्वस्थताको स्थितिको व्यवस्थापकिय सुधार यसको उत्तम विकल्प हुन सक्ने तथ्य इंगित गरेको छ । तर हामी भन्छौं जाबो गाई, भैंसी, भेडा, बाख्रा, कुखुरा, बंगुरलाई वस्ने ठाउँ किन सफा सुद्धर चाहियो । यसको लागि विभिन्न खाले इन्जाइम, जैविक, अम्ल प्रोबायोटिकस, प्रिबायोटिक, माइकोटक्सिन वाइन्डर, बनस्पतीजन्य, आयुर्वेदिक औषधि, तथा तेल, अनी रोग सहन सक्ने क्षमता अभिवर्धक औषधिको नियमित प्रयोगमात्र गर्ने हो भने त्यो एन्टीवायोटिकको प्रयोग प्रयोजनहिन हुन सक्छ । यसका लागि पहिला पशु चिकित्साकर्मी तथा विज्ञ चिकित्सकहरुको चिन्तनमा परिवर्तन आवश्यक छ ।

प्रिवायोटिक, प्रोवायोटिक र टक्सिनवाइन्डर युक्त औषधिको प्रयोगले पशुको शरीरमा पुगे पछि पशुको शरीरमा रहेका पशुको स्वास्थ्यमा असर पुऱ्याउने जीवाणु, विषाणुलाई विस्थापति गरी शरीरबाट बाहिर निकाल्न मद्दत पुऱ्याउछ । यस बाहेक त्यस्ता शरीरलाई क्षती पुऱ्याउने सुक्ष्म जीवलाई आवश्यक पर्ने आहारा तथा पोषक तत्व प्रयोगबाट रोक्छ भने पशुमा दाना आहाराबाट प्राप्त हुने पोषक तत्वको अत्याधिक उपभोग गराउन मद्दत पुऱ्याउछ । जस्का कारण पशुपंक्षी पनि हृष्टपुष्ट अनि तन्दुरुस्त हुन्छन् । अनि जाबो त्यो सुक्ष्म जीवले के लछारपाटो लगाओस त । अर्कोतर्फ जैविक अम्ल तथा तीनका नुनजन्य गुणको कारण पशुपंक्षीको दाना पानीमा प्रयोगको उपादेयताकाबारे विगत २५ वर्षको बैज्ञानिक अध्ययन अनुसंधानको निचोड झन आश लाग्दो छ । यीनको दानापानीमा प्रयोगले व्याक्टोरिया वंशवृद्धिमा नै अवरोध पुऱ्याउछ नै दानापानीसँग मिसिएर पुगेका यो रसायनले पशुपंक्षीको पेट आन्द्रामा अवस्थित ती सुक्ष्म जिवाणुलाई समेत नष्ट पार्छ, पशु पंक्षीलाई त हाइसन्चो, विरामी नै नपर्ने गरि । त्यसमा थपिएको इन्जाइम, वनस्पतिजन्य औषधि अनि रोग राख्न सक्ने क्षमता वर्धक औषधिको नियमित प्रयोग गर्ने हो भने हाम्रा पशुपंक्षीलाई रोग किन लागोस । किन अन्यत्र प्रयोगहिन भनेको महंगो एन्टीवायोटिकमा खर्च किसानले गर्नुपऱ्यो । हाल प्रयोग गरिने औषधि पशुको शरीरमा नै प्रयोग भई सकिने हुदा यीनको अवशेष तीनबाट उत्पादित पशुजन्य उत्पादनमा अवशेषकारुपमा संचय पनि हुदैनन् एन्टीवायोटिक जस्तै । अनि हाम्रा पशुजन्य उत्पादन विशुद्ध जैविक ( आर्गानिक) उत्पादन हुन जान्छन्, जुन जनस्वास्थ्यका लागि सुरक्षित पनि हुन्छ ।

अन्त्यमा आजको जलवायु परिवर्तन, भूवाष्विकरण, ग्लोवल वार्मिङले पिरलेको यो भूमण्डलमा अवस्थित मानव समुदाय, पशुपंक्षी तथा बोट बिरुवा कै लागि गुणात्मक स्वास्थ्य जीवन कसरी प्राप्त गर्ने भन्ने बडो जोखिमपूर्ण चिन्ताको विषय यस क्षेत्रमा कार्यरत जनस्वास्थ्यकर्मीमा रहेको छ । यसकालागि हाल अत्याधिक मात्रामा प्रचलनमा रहेको एन्टीवायोटिकहरुको प्रयोग मानिस तथा पशुपंक्षीमा हुने गरेको प्रयोग दुरुपयोग अनि अतिउपयोग कसरी न्युन, निषेध, नियमन गर्न र यसको विकल्पमा प्रयोग गर्न सकिने लाभदायक, सुरक्षीत औषधिको प्रयोगलाई कसरी प्रोत्साहन गर्ने बारे औचित्य पुष्टी गर्ने बारे चुनौति पनि छ । किनभने नानी देखि लागेको बानी, मानिसमा हत्तपत्ती के जान्थ्यो र । यसका लागि मुलुकमा भित्रिने सवैखाले औषधिजन्य रसायन, त्यसका प्रष्ट विवरण, तीनको आधिकारिक व्यक्तिबाट सिफारिस भई आए पछि मात्र प्रयोग, पशुपंक्षीमा प्रयोग पछि तीनबाट उत्पादित पशुजन्य पदार्थ जनसमुदायको लागि आमउपयोगका लागि विक्री गर्न अवधि एन्टीवायोटिकको किसिम अनुसार पशुपंक्षीको शरीरबाट विसर्जनको निश्चित अवधि अवलम्बन गर्ने गरेको तथा त्यस्ता पशुजन्य उत्पादन पशुबाट प्राकृतिकरुपमै उत्पादन विन्दुमा यस्ता एन्टीवायोटिकको अवशेषको अवस्थितिको विश्लेषण गर्नु पर्ने अनिवार्य कानुनी व्यवस्था गरिनुका साथै मानिसको स्वास्थ्यलाई प्रतिकुल असर पार्ने मात्रा तथा स्तरमा एन्टीवायोटिकको अवशेष भेटिएमा त्यस पशु, पशुपालन क्षेत्रबाट उत्पादन भएका पशुजन्य पदार्थ मानवीय उपभोगका लागि निषेध गरिनु पर्छ, अनि मात्र जनस्वास्थ्य सुरक्षित हुन्छ ।

## व्यवसायिक...

रहेको देखिन्छ । 'गुरु गुरु ही रहा पर चेला शक्कर बनगया' हिन्दीमा मुहावरा भनिन्छ अर्थात साँच्चिकै जो किसान थिए र हुन उनिहरुको हातमा अनुदानको 'अ' पुग्न त कताहो कता उनिहरुको हातमा सदा कुटो र कोदालो नै रह्यो तर आयोजनाहरुले उत्पादन गरेका किसानको हातमा अनुदानको मुद्रा र किसान भएको तक्माले भरिभराउ हुँदैछन् । सरल रुपमा भन्नु पर्दा नेपाल सरकारले व्यवसायिक कृषिका लागि अनुदान भनेर जुन व्यवस्था गरेको छ त्यो नब्बे प्रतिशत किसानको पक्षमा देखिदैन । अनुदानको व्यवस्था रहेसम्म नेपालमा व्यवसायिक कृषि फस्टाउला भन्नु र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले 'पानी र जवानी पहाडमा रहन सक्दैन' भन्नु एउटै कुरा हो । किसानहरुलाई अनुदानको व्यवस्था गरेर व्यवसयिक कृषि गर 'आफू पनि बाँच र अरुलाई पनि बाँच्नका लागि खाद्यान्न उत्पादन गर' भन्ने नै मुल मन्त्र अर्थात उद्देश्य हुनु पर्ने हो जस्तो लाग्छ तर, नेपालमा त्यसको ठीक उल्टा भएकोछ 'राज्यलाई फाँस र आफू हाँस' । यो राज्यले गरेको मुफ्तमा अनुदानको व्यवस्था 'टाँठा-बाँठालाई मोटाउने र किसानहरुमा विचलन ल्याएर सुकाउने' व्यवस्था नेपाली किसानहरुका लागि हुन गइरहेको अवस्थालाई नकार्ने ठाँउ देखिदैन ।

किसानलाई जस्तै मल, बीउ, आवश्यक औजार, बजार, सिंचाईको उपयुक्त व्यवस्था त्यस्तै भान्सारमा विशेष प्रकारको सहुलियत अथवा छुटको व्यवस्था अर्थात कृषिका लागि आवश्यक पर्ने हरेक विषयवस्तुमा किसानको सहजै पहुँचको सर्व प्रथम राज्यले व्यवस्था र ग्यारन्टी दिन सक्नु पर्छ । अर्को कुरा अनुदान होईन ऋणस्वरुप व्यवसायिक कृषि खेतीका लागि शुन्य प्रतिशत ब्याजमा आवश्यक रकम उपलब्ध गराउने व्यवस्था राज्यबाट हुनु पर्छ । यसले किसानहरु अधिक भन्दा अधिक व्यवसयिक कृषि खेती प्रति उत्प्रेरितका साथै उत्साहीत हुन सक्छन् र सहि रकमको सहि उपयोग हुन सक्छ । किसानले गरेको खाद्यन्नको उत्पादन अथवा निर्वाहामूखीबाट कृषिमा गरेको व्यवसायिकरणको लेखा जोखा वा मूलयाङ्कन गरेर साच्चिकै राज्यले चाहे अनुरुपको दिशातिर प्रगति भएको देखिएमा राज्यले ऋृण स्वरुव लगाएको लगानीलाई अनुदानमा परिणत गर्दा राज्यको लगानीको सहि प्रतिफल आउन सक्थ्यो कि भन्नेतिर पनि ध्यान दिनु आवश्यक छ जस्तो लाग्छ । अन्यथा राज्यले किसानहरुका लागि भनेर गरेको अनुदानको व्यवस्था 'फोकटका चन्दन घस मेरे लाला' तुक्कालाई पन्छ्याउदै नेपालका प्रत्येक घरबाट एक व्यक्ति व्यवसायिक कृषिका लागि भन्दै आयोजनाहरुमा अनुदानका लागि धाउन सुरु हुन धेरै समय भने लाग्ने छैन् । जीवनको अपरिहार्य आवश्यकताको विषय भनेको खाद्यान्न हो । खाद्यान्नका लागि कृषिको आधुनिकिकरण सँग-सँगै पूर्ण रुपमा व्यवसायिकरण हुनु आवश्यकछ । त्यसका लागि राज्यका तर्फबाट सहि कृषि नीति र दिर्घकालिन योजना हुनु आवश्यक हुन्छ । साथै मानिसमा व्यवसयिक कृषि प्रति सकारात्मक सोच र चाहना हुनु त्यतिनै आवश्यकछ ।

## एलोभेरा...

लगानी गरेर बार्षिक २१ लाख ६० हजार कमाउन सकिने झुठको खेती गरी सेतो मुसलीको विरुवा धमाधम बेचिरहेका छन् । तर किसानहरुले आफू ठगिएको पत्तो पाएका छैनन् । घारबाट सेतो मुसुलीका विरुवा किनेर यसको खेती गरिरहेका किसानहरु केहीले आफू ठगिएको अनुभूति गरिसकेका छन् भने झापा लगायत छिमेकी जिल्लाका किसानहरु ठगिने क्रम जारी छ । सेतो मुसलीको नाममा किसान ठगिएको विषयमा घार सञ्चालक रुद्रेश्वर राईसँग सम्पर्क गर्दा उनी आफू सफल भईरहेकोले कोही किसान असफल भए आफूले जिम्मा नलिने बताउँछन् । तर सेतो मसुलीबाट प्रशोधनका लागि आफूले काठमाडौंमा कारखाना खोलेको र त्यही प्रशोधन गर्ने भएकाले किसानहरु नठगिने उनको भनाई छ । यद्यपी घारका सञ्चालकले सेतो मुसलीबाट विगत दुई बर्षको अवधिका एउटा किसान पनि सफल भएको देखाउन सकेनन् । यसले के प्रष्ट पार्दछ भने एलोभेरामा जस्तै सेतो मुसलीबाट पनि किसानहरुको करोडौं रुपैयाँ ठगिने क्रम जारी भएको प्रमाणित हुन्छ ।

झापामा भईरहेको मुसली खेतीका बारेमा जिल्ला कृषि विकास कार्यालय झापाका प्रमुख मेघनाथ तिमल्सेनाले भने आफूलाई जानकारी नआएको बताए । झापामा मात्र होइन अन्य जिल्लामा समेत सेतो मुसलीको खेती गर्न खोजिरहेका किसानहरुले लगानी गर्नु भन्दा अगाडि भावी दिनमा त्यसको प्रशोधन एवं बजारीकरणलाई समेत मध्यनजर गरी आफ्नो कृषि व्यवसायलाई अगाडि बढाउनका लागि कृषि विकास कार्यालय, जिल्ला बन कार्यालय वा सम्वन्धित निकायमा जानकारी लिएर मात्र खेती गर्ने कार्य गरेमा ठगिनबाट जोखिन्छ कि ?

जैविक प्रांङारिक मल क्वेन थोंङ् र न्यू लाईट प्रयोग गरौं
माटोको उर्वराशक्तिलाई वढाई उत्पादनमा बृद्धि गरौं"

थाईल्याण्डको प्रतिष्ठित एशिया एग्रो टेक कम्पनी लि. वाट उत्पादित, नेपाल कृषि अनुसन्धान परिषद्वाट परिक्षण प्राप्त नेपालको हावापानी माटो सुहांउदो, माटो र वोट विरुवालाई रोग किराले समेत असर गर्न नसक्ने

विषादीको प्रयोग गर्नै नपर्ने जैविक प्रांङ्गारिक मल




नेपालको
लागि अधिकृत
विक्रेता




जोशी जनरल सप्लायर्स

Organic Certified by IFOAM, ACT.Operator Code No 22152 Asia Agro Tech Ltd., Thailand

२० पूर्णचण्डी मार्ग ,जावलाखेल ललितपुर
फोन नं.९८४१२०८५५८/ ९८४१८०७७५२



# अरुले काजमा ल्याउँदा नबिग्रने मैले ल्याउँदा बिग्रने ?

## – हरिप्रसाद पराजुली, मन्त्री कृषि विकास

**नार्कका कार्यकारी निर्देशकले राजीनामा दिएका छन् यो राजनीतिक हस्तक्षेपका कारणले हो भन्छन् नि ?**

कृषि विकासका लागि वीसबर्ष दीर्धकालिन रणनीति योजना पारित हुँदै छ यो महत्वपूर्ण विषय बनेको छ। सन् २०२५ पछि नेपालमा कोही पनि भोको रहने छैनन् भन्ने हामीले प्रतिवद्धता व्यक्त गरेका छौं। यी सवै कामलाई अनुसन्धानका क्षेत्रमा कस्तो-कस्तो काम गर्दा हामी लक्ष्यमा पुग्न सकिन्छ भन्ने कामका निमित्त नार्कका कार्यकारी प्रमुख नै उपयोगी हुन्छन्। जसले राम्रो योजना दिन सक्छन, र हामीले हाम्रो योजना बनाउँदा साँचो अर्थमा बस्तुवादी कार्ययोजना बनाएर त्यसलाई सहज रुपले कार्यान्वयन गर्न सक्छौ भन्ने अभिप्रायका साथ उहालाई काजमा तानिएको हो।

**काजका नाममा काम गर्न नदिने सोचले ल्याएको भन्ने आरोप छ त ?**

यो काज हो जागिरबाट हटाइएको होइन। उहाँलाई दिएको जिम्मेवारी सकिएपछि स्वत: फर्केर जान पाउनु हुन्थ्यो। एउटै कामलाई २/४ बर्ष लगाउने त होइन ? सन् २०१५ पछि जिरो हन्गर च्यालेन्ज शुरु हुने एडिएसपनि शुरु हुने भएकाले सन् २०१५ आउन धैरै समय नभएकोले उहाँलाई काजमा तानिएको हो उहाँले कसरी बुझ्नु भो र राजीनामा दिनु भो थाहा भएन तर हामीले विशुद्ध मनसायका साथ काजमा बोलाएका हौं।

**उहा बाहेक अरु पनि थिए होलान् नि त बैज्ञानिक ?**

कृषि विकासका लागि आजका आवश्यकता परिपूर्ति गर्ने गरी यसलाई परिचालन गर्न सकिन्छ उहाँको अनुभवलाई यही मौकामा प्रयोग गर्नु पर्दछ भन्ने उदेश्यले ल्याइएको हो। संसारमा जहा सुकै पनि अनुसन्धान विना कृषिको विकास हुँदैन भन्ने मान्यता छ किनभने कृषिका लागि सवैभन्दा महत्वपूर्ण बीउ हो। जमीन जल जे भएपनि बीउ भएन भने के उत्पादन गर्ने त्यसकारण अधिक उत्पादन गर्ने खालका बीउको अनुसन्धान गरेर उत्पादन बृद्धि गर्न सकियोस्। कृषिबाट नै मनग्ये आम्दानी गरी युवाहरुलाई आकर्षित कसरी गर्न सकिन्छ, भोकमरी र कुपोषण अन्त्य गर्न उहाले जत्तिको योगदान पुऱ्याउने व्यक्ति जागिरमा रहेको नदेखिएकाले काजमा वाध्यता भएर नै ल्याएको हो।

**मन्त्रीले पार्टीकरण गर्न खोजेकाले यो अवस्था आएको भन्ने आरोप लागेको छ नि त ?**

पार्टीकरण गर्न खोजेको भए यति लामो समयसम्म किन कुर्नु पर्दथ्यो। उहाँ एमाले होइन भन्ने कुरा मलाई त्यत्तिखेर नै थाहा थियो होला नि त ? तर म मन्त्री भएर आएको नै सात महिना भई सक्यो पहिले नै तान्न सक्थे होला फाल्न सक्थे होला आजसम्म किन हेर्नु पर्दथ्यो र ? तर उहाँलाई फाल्ने मनसाय थिएन। सहज अवतरणका लागि राजीनामा दिनु भएको । उहाँ कृषि बैज्ञानिक हुनुहुन्छ राज्यलाई चाहिएको बेला उहाँ विज्ञतालाई मागौला। उहाँको विद्वता राज्यले मागेको बेलामा दिनु भयो भने लिउँला नभए उहाँ जस्तै अर्को बैज्ञानिक खोजौला।

**यस्तो काज तान्ने अभ्यासले नार्कको अवस्था विग्रन्छ रे नि त ?**

२०५८ मा नार्क स्थापना भयो। नार्क स्थापना भएदेखि अहिलेसम्ममा यस्ता ४ जना कार्यकारी निर्देशकलाई मन्त्रालयमा हाजिर गराएर मन्त्रीलाई चाहिएको सल्लाह सुझाव र मन्त्रालयको काममा सहयोग लिने काम गर्ने चलन पनि थियो। विगतमा ४ जना कार्यकारी निर्देशकलाई हटाउँदा नार्क नविग्रने ? अहिले मैले काजमा तान्दा बैज्ञानिकहरु हतोत्साही हुने भन्ने कुरा उचित होइन। नियमसंगत रुपमा मैले मेरा मातहतका कर्मचारीलाई काजमा ल्याउँछु।

# नार्कमा राजनीतिक शक्तिका आडमा पदमा बस्ने परम्परा बस्यो

## डा. दिलबहादुर गुरुङ – कार्यकारी निर्देशक, नार्क

**नार्कको कार्यकारी निर्देशकबाट राजीनामा दिनु भयो नि किन ?**

कृषि अनुसन्धान परिषद् स्वायत्त संस्था हो। यो संस्थामा चारबर्षका लागि समय तोकेर मन्त्रीपरिषद्बाट नियुक्त भएको कार्यकारी निर्देशकलाई मन्त्रीले नेपाल कृषि अनुसन्धान परिषद्को ऐन विपरित विना कारण मन्त्रालयमा काजमा झिकाएको हुनाले कृषि अनुसन्धान परिषद्को स्वायत्तताको स्वाभिमानमाथि नै प्रहार भएको महशुश गरी परिषद्को स्वायतत्ता रक्षाका लागि र मन्त्रीले कृषि अनुसन्धान परिषद्मा आफूलाई मन लागेको गर्न नपाए काजमा तान्ने परम्परा बसाउन खोजेकाले मैले राजीनामा दिएको हुँ।

**नार्क स्वायत्त हुदा हुँदै पनि मन्त्रालयमा किन काजमा तानिएको होला ?**

यसले के देखाएको छ भने पेशा र काम भन्दा पनि राजनीति बढी हावी भयो भन्ने लाग्छ। मन्त्रीलाई पेशा भन्दा पनि पदका लागि प्रभाव पारेका कारण यो काजमा तान्ने काम भएको हो। यो काजका नाममा काजको अपव्याख्या गरेर मन्त्रालय तान्ने काम भएको छ। नार्कको काममा कहिल्यै स्थायित्व नहुने भयो, मन्त्रीले जहिले पनि विधिवत् आएको कार्यकारी निर्देशकलाई जुनसुकै बेला पनि आफूलाई भन्या जस्तो भएन र गरेन भने मन्त्रालय तान्ने परम्परा नै बस्यो। यो घटनाले जो सुकै कार्यकारी निर्देशक भएपनि मन्त्रालय तानिने अवस्थाको शुरुवात पनि भयो।

**एडिएसको अध्ययन र परामर्शका लागि काजमा तानिएको हो भन्ने छ नि त ?**

काजमा तान्ने त्यो कारण मात्र देखाइएको हो। १४/१५ देशका अनुदानदाताहरुले २ बर्ष लगाएर ३६ जना भन्दा बढी विशेषज्ञहरुले बनाएको दस्तावेजलाई नेपाल सरकारले समेत पास नगरीसकेको अवस्थामा कार्यान्वयन गराउन खोज्नु भनेको हाँस्यास्पद हो।

**यो काजमा झिकाउने कामले कृषि बैज्ञानिकहरुलाई हतोत्साह गर्ने काम भएको हो पनि भन्छन् नि ?**

वास्तवमा भन्ने हो भने मन्त्रीले भन्दै आईरहेका कुरा र काम पनि मैले गर्दै आईरहेको हो। तर मन्त्रीले दिएका तीनवटा निर्देशन र ७ जनालाई केन्द्रप्रमुख पनि बनाईदिएको हो र अहिले फेरि पनि अन्य दवाव आएको हुनाले संस्थामा बढी चलखेल हुने भो भन्ने सोचेर मैले केही सुधारका लागि ऐन नियमभन्दा फरक नगर्ने सोच बनाएँ। जसको परिणाम मलाई मन्त्रालयमा काज सरुवा गरिएको हो।

**नार्क भित्र मन्त्रीले भनेका मान्छेहरुलाई राम्रा ठाउँ नदिएको कारणले यो अवस्था आइएको भन्छन् नि त ?**

यसमा सत्यता धेरै छ। त्यसमा मैले नियम अनुरुप सम्वोधन गर्ने प्रयास पनि गरेको हो तर अचानक यो घटना आयो यसलाई तपाईले त्यही किसिमले बुझ्नु पर्ला।

**राजीनामा स्वीकृत नभएर पुन: नार्कमा पठायो भने के गर्नु हुन्छ ?**

मैले राजीनामा दिईसकेको छु। अव त्यतातिर सोच्नु वेकार हुन्छ जस्तो लाग्छ मलाई। त्यसकारण म अव स्वतन्त्र रुपमा नै नेपाली किसानहरुका लागि नै काम गर्दछु।

**राजनीतिकरण भयो भने कृषि अनुसन्धान परिषद्को अवस्था त बिग्रला नि ?**

जवसम्म अनुसंन्धान गर्ने संस्थाहरुको स्थायित्व हुँदैन र त्यहाँका वैज्ञानिकहरुले किसान उपयोगी प्रविधि निकाल्न गाह्रो पर्दछ त्यसका लागि प्रविधिको विकास गर्न निश्चित समय लाग्छ। त्यो निश्चित अवधिसम्म त्यहाँ गएका र त्यहाँ भएका कर्मचारीहरुलाई सहज रुपमा काम गर्न दिनु पर्छ। नार्कमा काम गर्ने आफ्नो पेशाामा विश्वास र



ाख्ने कर्मचारी र बैज्ञानिकहरुले आफ्नो वौद्धिकता प्रयोग गर्न पाएका छैनन्। भनसुन र राजनीतिक शक्तिका आडमा पदमा बस्ने परम्परा बस्न थालेको छ यसले भविष्यमा नेपालको कृषि विकासका लागि अनुसन्धानको क्षेत्रमा ठूलो संकट निम्त्याउछ। राजनीति हस्तक्षेपका कारण कृषि अनुसन्धानमा गुणस्तरिय काम देखाउनलाई गुणस्तरिय जनशक्ति पेशाप्रति कर्तव्यनिष्ठ बैज्ञानिकहरुलाई अगाडी नल्याएसम्म र सम्मान नगरेसम्म कृषि अनुसन्धानको क्षेत्रमा उपलब्धि हासिल गर्न सम्भव छैन्।

माटोको लागि उर्वराशक्ति

Biocomp Nepal Pvt.Ltd, Damkal Road, Pulchok, Lalitpur

Phone 977-1-5554953, Email : gyani@biocompnepal.com , Website : www.biocompnepal.com

Biocomp Nepal

कृषि पत्रकार समाजका लागि हब ब्रोडकास्टिङ् प्रा.लि.द्वारा प्रकाशित, कार्यालय: अनामनगर, फोन नं: ९८५१०५९४५५,पो.व.नं.:४३१२, ई-मेल: sajnepal@gmail.com, मुद्रण: श्वेतकाली छापाखाना काठमाडौं, सम्पादक: वैकुण्ठ भण्डारी